'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानुनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : २६६ ★ ने. सं. ११४६ कौला थ्व, षष्ठी ★ शुक्रबार ★ ३० असोज, २०८३ ★ October 16, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## प्रजग कोरिया शिक्षाकै माध्यमबाट आणविक ऊर्जा उत्पादन गर्न सफल



भक्तपुर, २९ असोज । सेवा निवृत्त शिक्षक समाज, भक्तपुरको आयोजनामा अर्धवार्षिक प्रकाशन 'शैक्षिक अनुभव' को १९ औं अङ्क विमोचन तथा विजया दशमी २०८३ को शुभकामना आदानप्रदान कार्यक्रम नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा बिहीबार सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि सुवालले समाज परिवर्तनका लागि सेवा निवृत्त शिक्षकहरूले नयाँ पुस्ता तयार गर्न महत्त्वपूर्ण योगदान गरेको उल्लेख गर्दै विद्यार्थीहरूको शैक्षिक स्तर उकास्न आफ्ना अनुभवका साथै संसारका अन्य देशहरूमा अपनाइएका शिक्षण विधिबारे आफ्ना लेखहरूमा उल्लेख गरेमा नयाँ पुस्ताले प्रेरणा पाउने बताउनुभयो ।

क्युवा र प्रजग कोरियाका विद्यालय तथा विश्वविद्यालयमा नि:शुल्क शिक्षाको बन्दोबस्त रहेको जानकारी दिँदै उहाँले नेपालजस्तै सानो मुलुक प्रजग कोरियाले शिक्षाकै माध्यमबाट आणविक ऊर्जा उत्पादन गर्न सफल भएको बताउनुभयो ।

शिक्षकहरूले नागरिक भावना जागृत गराउन उदाहरणीय कार्य गर्नुपर्ने आवश्यकता औँल्याउँदै सचिव सुवालले भन्नुभयो, "एक सर्वेक्षणअनुसार सन् २०२५ पछि नेपाल गलत बाटोमा गएको भन्ने मत ६१ प्रतिशतले दिएका थिए भने भदौ २३-२४ को उपद्रवपछि ७० प्रतिशतले नेपाल गलत बाटोमा गएको मत दिनुले सरकारहरू जनताप्रति जिम्मेवार नभएको प्रमाणित हुन्छ ।"

देश जलाउनेहरूका सात पुस्तासम्म पिरलो पर्ने विश्लेषकहरूको मत रहेको उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "२००७ सालमा सहिदहरूले ज्यानको बलिदान दिएर जहानियाँ राणा शासनविरुद्ध सङ्घर्षबारे अध्ययन गरेकाहरू भदौ २३ र २४ गतेको विध्वंसमा राजीनामा दिएर भाग्दैमा दोषमुक्त हुन सक्दैनन् ।"

कार्यक्रमका सभापति एवम् समाजका अध्यक्ष अम्बिकामान मानन्धरले 'शैक्षिक अनुभव' सान्दर्भिक र पठनीय पुस्तक भएको बताउनुभयो ।

समाजका उपाध्यक्ष रामगोपाल कर्माचार्यले स्वागत मन्तव्य दिँदै भन्नुभयो, "सेवा निवृत्त शिक्षक समाजले निवृत्त शिक्षकहरूको अनुभव समेटिएको 'शैक्षिक अनुभव' पुस्तक समाजको स्थापनाकालदेखि निरन्तर प्रकाशन गर्दै आएको छ । निवृत्त शिक्षकका अनुभव, शैक्षिक लेख-रचना तथा समाजका गतिविधिहरू सोही पुस्तकमार्फत प्रकाशित गरिरहेका छौँ। साथै, निवृत्त शिक्षकहरूलाई राज्यले दिने पेन्सनलगायत अन्य सेवासुविधाका लागि सङ्गठित रूपमा आवाज उठाइरहेका छौँ र यसमा सफल पनि हुँदै आएका छौँ।"

'शैक्षिक अनुभव' का सम्पादक ज्ञानसागर प्रजापतिले विमोचित पुस्तकमा उल्लिखित विषयवस्तुबारे सङ्क्षिप्त जानकारी प्रस्तुत गर्नुभयो ।

समाजका संस्थापक अध्यक्ष नाति कवांले विगतमा सरकारले सेवा निवृत्त शिक्षकहरूको पेन्सन दुई-तीन महिनासम्म रोकेको थियो भने वर्तमान सरकारले भक्तपुरका शिक्षकहरूलाई कतै चाडपर्व खर्च त कतै असोज महिनाको तलबभत्ता समयमै निकासा नगरी शिक्षकमाथि अन्याय र भेदभाव गरेको बताउनुभयो ।

समाजका सदस्य सजीव था श्रेष्ठले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा समाजकै सदस्य धीर्जबहादुर कायष्ठले शुभकामना मन्तव्यसहित धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## ख्वप इन्जिनियरिङ र ख्वप कलेज अफ इन्जिनियरिङका प्राध्यापक तथा कर्मचारीबिच शुभकामना आदानप्रदान

भक्तपुर, २९ असोज । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका प्राध्यापक तथा कर्मचारीबिच बडादसैं, शुभ दीपावली, नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दसैं, तिहार, नेपाल संवत् र छठलगायतका पर्वहरूले आपसी सद्भाव, एकता र सामाजिक सम्बन्धलाई थप सुदृढ बनाउने बताउँदै सबैलाई चाडपर्वका अवसरमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङले निरन्तर मेहनत र परिश्रमका साथ विभिन्न उपलब्धि हासिल गर्ने प्रयास गरिरहेको बताउँदै उहाँले कलेजले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त गर्न प्राध्यापक तथा कर्मचारीहरूले गरेको मेहनत र योगदान उल्लेखनीय रहेको बताउँदै गुणस्तरीय शिक्षा सुनिश्चित गर्न क्युएएको महत्त्व बढ्दै गएको उल्लेख गर्नुभयो ।

भक्तपुरका शैक्षिक संस्थाहरूको व्यवस्थापन शैलीबाट अन्य क्षेत्रका संस्थाहरूले समेत सिक्न सक्ने बताउँदै उहाँले स्थानीय तहबाट सञ्चालित शैक्षिक संस्थाहरूले सीमित स्रोतसाधनका बिच पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने उदाहरण प्रस्तुत गरेको बताउनुभयो ।

प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूले समयअनुसार उत्पन्न हुने समस्याहरूको समाधान खोज्न सक्नुपर्नेमा जोड दिँदै उहाँले बौद्धिक वर्गमा आलोचनात्मक चेत, स्वतन्त्र विचार र परिवर्तनकारी सोच हुन आवश्यक रहेको बताउनुभयो । बौद्धिक व्यक्तिहरूलाई राजनीतिबाट टाढा राख्नुपर्छ भन्ने सोचले समाजमा अपेक्षित परिवर्तन सम्भव नहुने उल्लेख गर्दै उहाँले समाजको विकास र रूपान्तरणमा बौद्धिक वर्गको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो ।

उहाँले नयाँ सरकार गठन भएको सात महिना बितिसक्दा पनि जनताले अपेक्षा गरेअनुसार नयाँ काम र उपलब्धि देखिन नसकेको टिप्पणी गर्दै समाजमा सकारात्मक परिवर्तन ल्याउन शिक्षा, बौद्धिक विमर्श र आलोचनात्मक सोचलाई प्रोत्साहन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिने सरकारको निर्णयप्रति असन्तुष्टि व्यक्त गर्दै यस्तो कदमले सुशासन र कानुनी जवाफदेहितामाथि प्रश्न उठाएको बताउनुभयो ।

उहाँले वर्तमान सरकारले आफ्नो घोषणापत्रअनुसार काम गर्न नसकेको

बाँकी पृष्ठ २ मा

## कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १४७

**भदौ २३ गते संसद् परिसर वरपर भएको घटनामा राज्यबाट निम्न त्रुटि भएको पाइन्छः**

- अधिकांश प्रदर्शनकारी नि:शस्त्र हुनु ।
- बन्दुकजस्तो गम्भीर हतियारको प्रयोग हुनु र धातुको गोली चल्नु ।
- हतियार प्रयोग हुनुअघि सबैले सुन्ने गरी प्रभावकारी रूपमा चेतावनी नदिइनु, गोली चलाउनु अघि अन्य नरम उपाय (पानीको फोहरा, लाठी, व्यारिकेड, हवाई फायर, वार्ता आदि) ठीकसँग र पर्याप्त मात्रामा नअपनाउनु ।
- राज्यद्वारा मानवाधिकारप्रतिको उत्तरदायित्वको उल्लङ्घन (प्रहरी, सशस्त्र प्रहरी, सेना, प्रशासनिक नेतृत्व, कार्यकारी नेतृत्व) हुनु ।

संसद् भवन सुरक्षार्थ खटिएको नेपाल प्रहरीको स्पेशल टास्क फोर्स STF, को (ROI) Rule of Engagement जस्ता हतियारधारीले पालना गर्नुपर्ने विधि र प्रक्रिया नै नअपनाएको पाइयो । राज्यद्वारा मानवाधिकारप्रतिको उत्तरदायित्वको उल्लङ्घन देखादेखी भएको पाइयो ।

**भदौ २३ गतेको घटनामा जवाफदेहीताका सवालहरूः**

विरोध प्रदर्शनको स्वरूप सुरुमा शान्तिपूर्ण नै थियो । बानेश्वरमा ब्यारिकेड तोडेर जुलुस संसद् परिसरको दक्षिण ढोकामा पुगेपछि भने प्रहरीको पानीको फोहरा, अश्रुग्याँस र रबरको गोलीको बदलामा प्रदर्शनकारीहरूले सुरक्षाकर्मीहरूमाथि इँटा-ढुङ्गा प्रहार गर्न थाले ।

संसद् परिसरबाहिरका प्रदर्शनकारीमाथि कर्फ्यु लाग्नु अगावै करिब १२:१५ बजेबाट बल प्रयोग हुन थाल्यो । घटनास्थल नजिकै रहेको सिभिल अस्पतालमा पहिलो घाइते १२:०७ बजे र अन्य घाइते १२:१५ बजेबाट आउन थालेको भन्ने सिभिल अस्पतालको CCTV footage र चिकित्सकहरूको भनाइ देखिन्छ । १२ बजेपश्चात् नै केही प्रदर्शनकारी हताहत र घाइते भइसकेको र विभिन्न अस्पतालमा गोली लागेका सयौँ घाइतेलाई उपचारार्थ पुर्‍याइसकेको खबर सञ्चारमाध्यमबाट बाहिरी सकेको थियो ।

सरकारी निकाय जिल्ला सुरक्षा समिति, केन्द्रीय सुरक्षा समिति, राष्ट्रिय सुरक्षा परिषद् कुनै पनि अङ्गले रोक्न लगाउने, बढी मानवीय क्षति हुन नदिनेतर्फ दिउँसै कुनै कदम चालेको पाइँदैन । काठमाडौँका प्रजिअ, गृहसचिव, दुई प्रहरी महानिरीक्षक, राष्ट्रिय अनुसन्धान प्रमुख, गृहमन्त्री र प्रधानमन्त्रीबिच मानवीय क्षति कसरी रोक्ने भन्ने तिर कुनै सल्लाह परामर्श भएको देखिन आउँदैन । अत्यधिक गोली प्रहार रोक्नतिर चासो नै नदेखाएर उदासीन रहेकाले पनि राजनीतिक नेतृत्व र प्रशासनिक तथा प्रहरी अधिकारीहरू समेत पूर्णरूपमा संसद् परिसर क्षेत्रमा भएको मानवीय हताहतको जिम्मेवार मानिने अवस्था छ । प्रधानमन्त्री र गृहमन्त्रीजस्ता जिम्मेवार व्यक्तिहरूले २३ गतेको घटनामा मेरो 'प्रत्यक्ष आदेश थिएन' भन्नु बचाउको कारण हुन सक्दैन । राज्य पक्षद्वारा अधिकांश नि:शस्त्र प्रदर्शनकारीमाथि ज्यादती भयो भन्ने कुरा राष्ट्रिय मानव अधिकार आयोगको भदौ २३ र २४ गतेको घटनासम्बन्धी छानबिनको प्रारम्भिक प्रतिवेदन मूल्याङ्कनबाट समेत देखिन आएको छ ।

शान्तिपूर्ण जुलुसमाथि सुरक्षाकर्मीहरूद्वारा व्यापक रूपमा गोली, अश्रुग्यास, लाठी प्रहार गरिएको र जनधनको क्षति हुन गएको छ । जसको फलस्वरूप प्रदर्शनमा भाग लिएका १७ जना संसद् परिसर बाहिर त्यसैदिन र राजधानी बाहिर दुई व्यक्तिहरूको राज्यद्वारा गैरकानुनी तवरले हत्या गरिएको आरोप लागेको पाइन्छ । सोही दिन घाइते भएका १२ जनाको पछि मृत्यु भएको थियो । काठमाडौँ उपत्यकामा ३७ जना प्रदर्शनकारीको मृत्यु भयो ।

सुरक्षाकर्मीको गोली लागी वा अन्य कारणले १०८४ जना प्रदर्शनकारी घाइते

बाँकी पृष्ठ २ मा

## देशको अवस्थाबारे उब्जिएको प्रश्न

रास्वपा सरकार प्रमुखको भारत भ्रमण मङ्सिर ७ देखि ९ सम्म हुने सार्वजनिक भएलगत्तै नेपाली जनतामा अब नेपाल कुन कुन असमान सन्धिमा च्यापिने हो भन्ने चिन्ता देखियो । भारत भ्रमणमा गएका नेकाका भट्टराईले नेपालको नदीनाला भारतको साझा हुने सम्झौता गरे भने गिरिजाले टनकपुर समझदारी भनी महाकाली नदी भारतलाई हस्तान्तरण गरे । देउवाले महाकाली, कर्णाली, अरूण तेस्रो, एमसीसीलगायत असमान सन्धि सम्झौता गरे । एमालेका प्रम मनमोहन, माधव, झलनाथ, ओली भारत गएर नेपाललाई भारतको सुरक्षा छातामा राखेको सन् १९५० को सन्धि खारेज गराउन सकेनन् भने तत्कालीन माओवादीका प्रम दाहाल भारत गएर नेपाल-भारतबिचका सबै सन्धिहरूप्रति सन्तोष व्यक्त गरे भने बाबुरामले नेपालमा भारतको लगानी भएका उद्योग-व्यापारमा कुनै कारण क्षति पुगे सरकारले क्षतिपूर्ति दिने बीप्पा सम्झौता गरे । रास्वपा सरकारले केही महिनाअघि संसद्मा नेपालले भारतको सीमा मिचेको स्वीकार गरेको हुँदा त्यही दस्तावेजमा अब भारतले हस्ताक्षर गराउने त होइन ?

अघिल्ला सरकारले गरेका असमान सम्झौतालगायत नेपालको भूमि भारतमा पर्ने गरी तयार गरिएका नेपाल-भारत धर्से नक्सा खारेज गर्ने साहस रास्वपा सरकारले नगरे भ्रमणको औचित्य होला र ?

### व्यङ्ग्यचित्रको कुनो



# ख्वप इन्जिनियरिङ कलेजको पियर रिभ्यु टोलीको समापन कार्यक्रम



भक्तपुर, २९ असोज । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायनसम्बन्धी Peer Review Team–PRT को स्थलगत मूल्याङ्कन तथा अध्ययनपछि समापन कार्यक्रम बिहीबार सम्पन्न भयो । सोही क्रममा पियर रिभ्यु टोलीका संयोजक प्राडा त्रिरत्न बज्राचार्यले नगर प्रमुख सुनिल प्रजापतिलाई ख्वप इन्जिनियरिङ कलेजको प्रारम्भिक मूल्याङ्कन प्रतिवेदन हस्तान्तरण गर्नुभयो ।

व्यवस्थापन समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप इन्जिनियरिङ कलेजका व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले पियर रिभ्यु टोलीले गरेको मूल्याङ्कनबाट कलेजले गर्दै आएको कामहरूको उपलब्धि र प्रभावकारिताबारे जानकारी प्राप्त भएको बताउनुभयो ।

उहाँले शिक्षक तथा प्राध्यापकहरूमा जनताको सेवा गर्ने भावना उच्च हुनुपर्नेमा जोड दिँदै जनताको सेवाप्रति समर्पित भएर काम गर्नुपर्ने बताउनुभयो । कलेजले चाहेर पनि नयाँ–नयाँ कार्यक्रमहरू सञ्चालन गर्न नसकेको बताउँदै उहाँले सीमितताका बाबजुद जनताको सेवाबाट आफूहरू कहिल्यै पछि नहट्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

पियर रिभ्यु टोलीको अध्ययन तथा मूल्याङ्कनको क्रममा दिएका सुझावहरूलाई गम्भीरतापूर्वक लिई सम्भव भएसम्म छिटो सम्बोधन गर्दै कलेजको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न व्यवस्थापन समिति प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा पियर रिभ्यु टोलीका संयोजक प्राडा त्रिरत्न बज्राचार्यले ख्वप इन्जिनियरिङ कलेजको प्रारम्भिक मूल्याङ्कन प्रतिवेदन प्रस्तुतीकरण गर्नुभयो ।

उहाँले तीन दिनको बसाइँको क्रममा कलेजका विभिन्न सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने अवसर प्राप्त भएको बताउँदै कलेजले उपलब्ध गराएका दस्तावेजहरूको प्रमाणीकरण गर्ने क्रममा दस्तावेजमा उल्लेख गरिएका विवरणभन्दा पनि उत्कृष्ट कार्यहरू भएको पाइएको उहाँले बताउनुभयो ।

टोलीले निर्धारित सबै मापदण्ड तथा सूचकहरूका आधारमा कलेजका गतिविधिहरूको अध्ययन, छलफल र प्रमाणीकरण गरेको जानकारी दिँदै अन्य आङ्गिक क्याम्पसहरूमा नपाइने केही विशिष्ट एकाइहरू ख्वप इन्जिनियरिङ कलेजमा रहेको पाउनु सकारात्मक पक्ष भएको उहाँको भनाइ थियो ।

विद्यार्थीहरूलाई अनुसन्धानका लागि अनुदान उपलब्ध गराउने व्यवस्था आफूलाई राम्रो लागेको उल्लेख गर्दै उहाँले अनुसन्धानमुखी शैक्षिक वातावरण निर्माणमा यसले सहयोग पुग्ने बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले कलेजको शैक्षिक गुणस्तर कायम राख्दै थप अभिवृद्धि गर्न कलेज प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले पियर रिभ्यु टोलीबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई आत्मसात गर्दै कलेजका शैक्षिक, प्रशासनिक तथा अनुसन्धानसम्बन्धी गतिविधिहरूलाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# कमजोर विद्यार्थीलाई सक्षम बनाउनु नै शैक्षिक संस्थाको वास्तविक सफलता हो



भक्तपुर, २९ असोज । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको आयोजनामा नजिकिँदै गरेका बडादसैं, तिहार, नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नजिकिँदै गरेका चाडपर्वहरूको अवसरमा शुभकामना व्यक्त गर्दै चाडपर्वलाई आपसी सद्भाव, भाइचारा र सांस्कृतिक एकता अभिवृद्धि गर्ने अवसरको रूपमा मनाउनुपर्ने बताउनुभयो ।

उहाँले नेपाल सरकारले आइतबार सार्वजनिक बिदा दिने निर्णय गरे पनि भक्तपुर नगरपालिकाले जनतालाई गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले आइतबारसमेत विभिन्न गतिविधि सञ्चालन गर्दै आएको बताउनुभयो । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल ३६५ दिन नै सञ्चालनमा रहेको उल्लेख गर्दै उहाँले यी सबै गतिविधि जनताको सेवाका लागि भएको स्पष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले गुणस्तरीय शिक्षा र सेवा प्रदान गर्न प्राथमिकता दिँदै आएको बताउँदै उहाँले कमजोर विद्यार्थीलाई सक्षम बनाउनु नै शैक्षिक संस्थाको वास्तविक सफलता भएको उल्लेख गर्नुभयो । उहाँले विद्यार्थीको भविष्य उज्ज्वल बनाउन शैक्षिक गतिविधिलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो ।

उहाँले सुख र दुःख मानिसले अनुभव गर्ने विषय भएको उल्लेख गर्दै सुखी हुनु भनेको धनसम्पत्ति मात्र हुनु नभई आत्मसन्तुष्टि प्राप्त गर्नु पनि भएको बताउनुभयो । मानिसले आफ्नो जीवनमा आत्मसन्तुष्टि र खुसीको महत्त्व बुझ्नुपर्ने उहाँको भनाइ थियो ।

नेपाल विविध भाषा, संस्कृति, कला र परम्पराले सम्पन्न देश भएको चर्चा गर्दै उहाँले सांस्कृतिक विविधताको संरक्षण र प्रवर्द्धनमा शैक्षिक संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो । संस्थान गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाको चरणमा प्रवेश गर्दै गरेको सन्दर्भमा शैक्षिक गुणस्तर अभिवृद्धि र संस्थागत विकासमा निरन्तर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले दसैं बिदालाई सदुपयोग गर्दै अतिरिक्त पुस्तकहरू अध्ययन गर्न तथा आफ्नो ज्ञान र सीप अभिवृद्धि गर्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो । उहाँले चाडपर्वका बेला यात्रा गर्दा सुरक्षित यात्रामा ध्यान दिनुपर्ने बताउँदै अध्ययन संस्थानले गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ आफ्ना गतिविधिलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

उक्त कार्यक्रममा नर्सिङका विद्यार्थी निरुशा प्रजापति र आर्या मानन्धरले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूले गीत, नृत्य तथा देउसी–भैलोलगायतका सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए ।

# फुर्सदको समयमा अध्ययन र रचनात्मक गतिविधि गर्न जोड




भक्तपुर, २९ असोज । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगरपालिका ९ नं वडा समितिको आयोजनामा बुधबार चोफलमा दसैंको शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तथा वडाध्यक्ष रवीन्द्र ज्याख्वले दसैंको फुर्सदिलो समयमा अध्ययन, लेखनसँगै सामाजिक र रचनात्मक गतिविधिमा सक्रिय हुन र जुवा–तास, लङ्गुरबुर्जा र अनलाइन खेलहरूमा नभुल्न आग्रह गर्नुभयो । उहाँले नेमकिपाले भक्तपुर नगरपालिकामार्फत जनभावनाअनुसार कार्य गर्दै आएको चर्चा गर्दै देकोमिवा इटापाके आयोजनामा स्थानीय उपभोक्ताहरूसँग निरन्तर छलफल गरी उपभोक्ताहरूको अधिकतम हितमा निर्णय गरिरहेको र सहज रूपमा आयोजनाका बाँकी कार्यहरू सम्पन्न गर्न सबैको साथ रहेको प्रस्ट पार्नुभयो ।

उहाँले नेपाल सरकारबाट जारी गरिएको भूमिसम्बन्धी अध्यादेशको आधारमा आयोजना क्षेत्रभित्र रहेका गुठी जग्गासम्बन्धी समस्या समाधानका लागि नगरपालिकाले स्थानीय जनताको साथ र सहयोगमा अघि बढ्ने प्रस्ट पार्नुभयो ।

नगरपालिका क्षेत्रभित्रका जग्गाहरूको भूउपयोग वर्गीकरणको प्राविधिक गृहकार्य भइरहेको जानकारी गराउँदै उहाँले कार्तिक ६ र ७ गते हुने नेपालभाषा साहित्य त:मुंज्यामा सहभागी हुन सबैलाई अनुरोध गर्नुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि विष्णुराम दुमरुले कामदार जनताको पक्षमा र देशको सार्वभौमिकता रक्षाको आन्दोलनमा पार्टीले खेलेको भूमिकाबारे प्रस्ट पार्नुभयो । उहाँले पुँजीवादी व्यवस्थामा शोषण कायमै रहने हुँदा वर्तमान सरकारबाट जनताले सुख पाउने अपेक्षा नगरेको उल्लेख गर्दै विदेशी इसारामा चल्ने नेता र सरकारले जनहितमा काम नगर्ने बताउनुभयो ।

उहाँले वर्गसङ्घर्षमार्फत समाजवाद स्थापना हुने ध्रुवसत्यबारे जनतालाई सचेत पार्ने अभियानमा नेमकिपा निरन्तर लागिरहेको बताउनुभयो ।

वडा नं. ९ पार्टी समितिका अध्यक्ष कृष्णभक्त लवजूले भ्रष्ट दल र नेताहरूले पार्टीको नाम परिवर्तन गरेर सोझासिधा जनतालाई ठगिरहेको चर्चा गर्दै सामाजिक सञ्जालमार्फत नयाँ पुस्तालाई भ्रम छरिरहेको बताउनुभयो ।

पार्टीका सदस्यहरू केबी प्रजापति र कृष्णश्वरी कर्माचार्यले भक्तपुरका जनताको आर्थिक र सामाजिक विकासमा नेमकिपाले महत्त्वपूर्ण योगदान गरेको चर्चा गर्नुभयो ।

कार्यक्रममा पासा पुच:, कमिचागल्ली बाँसुरी बाजा समूह, प्रगति बाल क्लब, भक्तपुर साकोसका साथै लोकप्रिय कलाकार राजकुमार मानन्धरले जनचेतनामूलक सांस्कृतिक प्रस्तुतिहरू प्रदर्शन गरेका थिए । कार्यक्रमको सञ्चालन विद्यार्थीहरू राज प्रजापति र दीपिका लवजूले गर्नुभयो ।

**कार्की...**

भएका थिए । भदौ २३ र २४ गतेको घटनामा १६१८ जना प्रहरीहरू घाइते भएका थिए भने ३ जना प्रहरी कर्मचारीको प्रदर्शनकारीबाट नृशंश रूपले हत्या भएको थियो । विभिन्न प्रकारका हतियारबाट ७८७३ राउन्ड गोली खर्च भएको थियो । एसएलआर अर्धस्वचालित हतियारबाट १०८१ गोली फायर भएको थियो ।

टाउको, छाति र पेटमा घातक गोली लागेर प्रदर्शनकारीको मृत्यु भएको शव परीक्षणबाट खुल्न आएको छ । गोली लागी मर्ने र घाइते हुनेमा जेनजी पुस्ताका किशोरहरूसमेत रहेका छन् । त्यसरी धेरै नागरिकहरू घाइते भएको र तीमध्ये गोली प्रहारबाट घाइते भएको अवस्था देखिन आएबाट कर्फ्यु र निषेधित क्षेत्र उल्लङ्घन गरिएको भन्ने बहानामा चरम दमन भएको स्थिति प्राप्त तथ्यको विश्लेषण र श्रव्यदृश्य सामग्रीहरूबाट समेत देखिन आएको छ । कर्फ्युमा गोली प्रहार गर्न प्रजिअले आदेश समेत दिन सक्ने भन्ने धारणा र “गोली हान्ने आदेश मैले दिएको छैन” भनी प्रजिअले बयान गरेको पाइन्छ । कसको आदेशमा गोली प्रहार भएको हो कुनै प्रहरी र अधिकृतले भनेको पाइँदैन ।

# ख्वप आदर निकेतनको लागि पूर्वडीन प्रा.डा. सर्वज्ञभक्त मल्लको रु. १ लाख १०१ रूपैयाँ आर्थिक सहयोग

भक्तपुर, २९ असोज । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भक्तपुर नगरपालिका वडा नं. ६ स्थित ख्वप आदर निकेतनको लागि त्रिभुवन विश्वविद्यालय शिक्षा सङ्कायका पूर्वडीन प्रा.डा. सर्वज्ञभक्त मल्लले रु. १ लाख १०१ रूपैयाँ आर्थिक सहयोग प्रदान गर्नुभएकोमा भक्तपुर नगरपालिकाले उहाँप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गरेको छ ।

**ख्वप...**

टिप्पणी गर्दै घोषणापत्रमा किसानलाई पेन्सन दिने विषय उल्लेख भए पनि त्यसको कार्यान्वयन हुन नसकेको बताउँदै उहाँले सरकारले जनतासमक्ष गरेका प्रतिबद्धताहरू व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र सीमा सुरक्षाजस्ता संवेदनशील विषयमा सरकार प्रमुखले जिम्मेवार ढङ्गले बोल्नुपर्ने बताउँदै देशको हित र राष्ट्रियताको संरक्षणका लागि जिम्मेवार अभिव्यक्ति र प्रभावकारी पहल आवश्यक रहेको बताउनुभयो ।

उहाँले दसैंको बिदालाई अविस्मरणीय बनाउने गरी सिर्जनात्मक तथा उपलब्धिमूलक काम गर्न सबैलाई आग्रह गर्दै बिदाको समयलाई मनोरञ्जनमा मात्र सीमित नराखी नयाँ ज्ञान हासिल गर्ने, समाजका लागि उपयोगी काम गर्ने र आफ्नो जिम्मेवारी पूरा गर्ने अवसरको रूपमा सदुपयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

नगरपालिकाका उपप्रमुख रजनी जोशीले चाडपर्वहरू खानपान र रमाइलोमा मात्र सीमित नभई प्रकृति, संस्कृति र सामाजिक जीवनसँग समेत जोडिएको बताउँदै चाडपर्वको महत्त्वलाई बुझ्दै मौलिक संस्कृति र परम्पराको संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले विपद् व्यवस्थापनलगायत विभिन्न क्षेत्रमा प्राध्यापक तथा विज्ञहरूको अनुसन्धानबाट महत्त्वपूर्ण सहयोग प्राप्त गरिरहेको उल्लेख गर्दै उहाँले प्राध्यापकहरूबाट भएका अध्ययन तथा अनुसन्धानले नगरपालिकालाई नीति निर्माण र योजना कार्यान्वयनमा सहज बनाएको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले ख्वप इन्जिनियरिङ कलेज गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्तिको प्रक्रियामा रहेको र ख्वप कलेज अफ इन्जिनियरिङले क्युएए प्राप्त गरिसकेको जानकारी दिनुभयो । उहाँले ख्वप विश्वविद्यालय स्थापनाको अवधारणालाई साकार पार्न निरन्तर प्रयास भइरहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले दुवै कलेजले शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै प्रगतिको बाटोमा अघि बढिरहेको बताउनुभयो । गुणस्तरीय शिक्षामार्फत दक्ष जनशक्ति उत्पादन गर्नु दुवै कलेजको मुख्य उद्देश्य रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा ख्वप इ. कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छें, ख्वप कलेज अफ इ. का उपप्राचार्य रत्नशोभा प्रजापति, ख्वप कलेज अफ इन्जिनियरिङ आर. एन्ड डी. युनिटका संयोजक डा. राजुभाइ त्यात, ख्वप इ. कलेजका सिभिल विभाग प्रमुख उमेश सुकमनी, लेखा शाखा प्रमुख विष्णुप्रसाद सुवाल र प्रशासन शाखा प्रमुख सिद्धिराम सुवालले पनि बोल्नुभएको थियो ।

# नेमकिपा इनाचो चोर्चा–७ द्वारा
# शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम

भक्तपुर, २९ असोज । नेपाल मजदुर किसान पार्टी इनाचो चोर्चा–७ वडा एकाइ समितिको आयोजनामा विजयादशमी २०८३ को शुभकामना आदानप्रदान तथा सापारु र गुन्हिपुन्हिका अवसरमा आयोजित गाईजात्राको सांस्कृतिक प्रतियोगितामा पुरस्कृत तथा सहभागी संस्कृतिकर्मी र कलाकारहरूलाई बधाई तथा सम्मान कार्यक्रम बुधबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संस्कृति हाम्रो सम्पत्ति भएकाले यसको संरक्षण गर्नु सबैको कर्तव्य भएको बताउनुभयो । उहाँले संस्कृति नयाँ पुस्तामा हस्तान्तरण भइरहेकोमा खुसी व्यक्त गर्दै सांस्कृतिक गतिविधिलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

पढाइसँगसँगै नयाँ पुस्तालाई गीत, सङ्गीत, सीप, ज्ञान, खेलकुद र तालिममा सहभागी गराउनुपर्ने उल्लेख गर्दै उहाँले समयसापेक्ष गीत, सङ्गीत र सांस्कृतिक गतिविधि पनि संस्कृतिकै अभिन्न अङ्ग भएको बताउनुभयो । शिक्षामात्रै सबै कुरा नभएको स्पष्ट पार्दै उहाँले युवाहरूलाई योग्य, दक्ष र सक्षम बनाउन भक्तपुर नगरपालिकाले विभिन्न भाषा, सीप तथा दक्षतामूलक तालिम सञ्चालन गरिरहेको जानकारी दिनुभयो । भक्तपुरबाट शिक्षित जनशक्तिलाई दक्ष बनाउनु नगरपालिकाको उद्देश्य रहेको उल्लेख गर्दै उहाँले नगरपालिका आफ्नै स्रोतसाधनमा निर्भर भएर सञ्चालन भइरहेको बताउनुभयो ।

वर्तमान सरकारबारे चर्चा गर्दै प्रमुख अतिथि प्रजापतिले सरकार परिवर्तन हुनु स्वाभाविक प्रक्रिया भए पनि कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र स्थानीय सरकारजस्ता राज्यका निकायहरूमा क्षति पुऱ्याएर बनेको वर्तमान सरकारबाट धेरै ठुलो आशा गर्न नसकिने बताउनुभयो ।

उहाँले सरकारको बाचापत्रविपरीत युवाहरूलाई विदेश पठाउने क्रम जारी रहेको, सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा आफैँ आयोग गठन गरी आरोपबाट उम्कने प्रयास गरिएको, संसद्मा गम्भीर छलफल र विचारविमर्श हुनुपर्नेमा संसद्को गरिमा कमजोर पारिएको तथा पर्याप्त तयारीबिना सुकुमवासी बस्ती हटाइएको आरोप लगाउनुभयो । समयमा मल उपलब्ध नहुनु र संस्थागत तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता लिनुजस्ता कार्यले सुशासनको उपहास गरेको उहाँको भनाइ थियो ।

४६ औँ नेपालभाषा साहित्य तःमुंज्या ग्वसाखलका कोषाध्यक्ष कृष्णगोविन्द लाखाजुले तःमुंज्या जनचेतना फैलाउने महत्त्वपूर्ण दबु भएको बताउनुभयो । उहाँले तःमुंज्याले राजनीतिक, सामाजिक तथा स्वास्थ्यसम्बन्धी विषयमा जनचेतना जगाउन योगदान पुऱ्याउँदै आएको उल्लेख गर्नुभयो । सांस्कृतिक प्रस्तुतिले मनोरञ्जन प्रदान गर्नुका साथै जनचेतना फैलाउने, विगतका घटनाहरूको स्मरण गराउने र परम्परागत संस्कृतिको संरक्षण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो । नेपालभाषाको संरक्षण, संवर्द्धन र जगेर्नामा नेपालभाषा साहित्य तःमुंज्याले महत्त्वपूर्ण योगदान पुऱ्याएको उहाँको भनाइ थियो ।

कार्यक्रमका सभापति तथा नेमकिपा इनाचो चोर्चा–७ समितिका अध्यक्ष कृष्णगोविन्द खाइजुले बजारभाउ निरन्तर बढ्नु, प्राकृतिक विपद् आइरहनु र समाजमा अन्योल कायम रहँदा पनि त्यसको प्रभावकारी व्यवस्थापन हुन नसक्नु वर्तमान सरकारको कमजोरी भएको बताउनुभयो । उहाँले नयाँ काम गर्नुभन्दा भएका संरचना र उपलब्धि बिगार्ने सम्भावना रहेको भन्दै सरकारका गतिविधिप्रति जनता सचेत रहनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा संस्कृतिकर्मी एवं सांस्कृतिक गुरु कृष्ण दुमरु र राजेश लाखाले पनि मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सांस्कृतिक कलाकार तथा संस्कृतिकर्मीहरूलाई प्रमाणपत्र र मायाको चिनो प्रदान गर्नुभयो ।

गुन्हिपुन्हिको अवसरमा आयोजित सांस्कृतिक प्रतियोगितामा सिद्धि गणेश सांस्कृतिक समूहको नागाचा प्रथम भएको थियो ।

# भक्तपुर जिल्ला बक्सिङ सङ्घको शुभकामना आदानप्रदान

भक्तपुर, २९ असोज । भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा विजयादशमी तथा शुभदीपावली २०८३ को अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम बुधबार बालाखुस्थित बज्र बुटिक होटलमा सम्पन्न भयो । कार्यक्रमको प्रमुख आतिथ्यता ४६ औँ नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष एवं भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि कवांले तःमुंज्या जनतामा चेतना फैलाउन र श्रमजीवी तथा निम्न वर्गको उत्थान गर्न स्थापना भएको बताउनुभयो । उहाँले जलविद्युत् विकास, वातावरणीय प्रदूषण, डाटा सेन्टरबाट राष्ट्रिय हितमा पर्न सक्ने प्रभाव तथा वर्तमान सरकारका गतिविधिबारे आफ्नो धारणा राख्नुभयो । वर्तमान सरकार र विगतका सरकारहरूबिच तात्त्विक भिन्नता नरहेको टिप्पणी गर्दै उहाँले स्वास्थ्य बीमा र शिक्षकको (चाडपर्व) दसैँ खर्चसमेत उपलब्ध गराउन नसकेको बताउनुभयो ।

कार्यक्रमका सभापति तथा सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिले दसैँलाई भौतिकवादी तथा मार्क्सवादी दृष्टिकोणबाट मनाउनुपर्ने बताउनुभयो । उहाँले चाडपर्वका सामाजिक, आर्थिक र वर्गीय पक्ष बुझ्दै धार्मिक अन्धविश्वास तथा रूढीवादी संस्कार त्यागेर सामाजिक न्याय, समानता र वैज्ञानिक सोचलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले वाग्मती प्रदेश बक्सिङ सङ्घले दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि कार्तिक ९ देखि १२ गतेसम्म खेलाडी छनोट गर्ने निर्णय गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका कोषाध्यक्ष गौतम सुजखुले स्वागत मन्तव्य राख्नुभएको थियो भने सचिव साजन लघुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# ब्राइट स्टार ई. स्कूलमा विविध कार्यक्रमसहित दसैँ उत्सव सम्पन्न

भक्तपुर, २९ असोज । ब्राइट स्टार इ. स्कूलमा नेपालीहरूको चाड बडादसैँको अवसरमा विविध सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमसहित दसैँ उत्सव बिहीबार विद्यालय परिसरमा सम्पन्न भयो ।

कार्यक्रममा विद्यालयका संस्थापक पुष्पलाल सुजखूले दसैँको सांस्कृतिक, सामाजिक तथा धार्मिक महत्त्वबारे आफ्नो धारणा राख्नुभएको थियो ।

विद्यालयका प्रधानाध्यापक राजेन्द्र सुजखूले दसैँ महत्त्वपूर्ण चाड भएको उल्लेख गर्दै संस्कृति मानिसको पहिचान भएको बताउनुभयो । दसैँले परिवार र समाजमा आपसी सद्भाव, प्रेम, एकता तथा भाइचाराको भावना विकास गर्न सहयोग पुऱ्याउने उहाँले बताउनुभयो ।

कार्यक्रमको अन्त्यमा विद्यालयका शिक्षक-शिक्षिकाहरूले दसैँको शुभकामना व्यक्त गर्नुभएको थियो । असोज २६ गतेदेखि सञ्चालन गरिएको खेलकुद प्रतियोगिताको नतिजा घोषणा गरी असोज २७ र २८ गतेका प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

विद्यार्थीहरूले विभिन्न सांस्कृतिक तथा मनोरञ्जनात्मक प्रस्तुति दिनुका साथै दसैँको महत्त्व झल्काउने नाटकसमेत प्रस्तुत गरेका थिए ।

# पठन संस्कृतिको विकास गर्नुपर्नेमा जोड

भक्तपुर, २९ असोज । भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिको आयोजनामा नेपालीहरूको महान् चाड विजयादशमी, दीपावली तथा छठ पर्वको उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा समितिका संयोजक एवं भक्तपुर नगरपालिकाका पर्यटन प्रमुख गौतमप्रसाद लासिवाले स्थानीय पथप्रदर्शकहरूले भक्तपुरको इतिहास, सम्पदा, कला, संस्कृति तथा जीवनशैलीबारे पर्यटकहरूलाई आधिकारिक जानकारी दिनुपर्ने बताउनुभयो । पथप्रदर्शकहरूले आफ्नो क्षमता अभिवृद्धिका लागि पठन संस्कृतिको विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

पथप्रदर्शकहरूले व्यक्तित्व विकासमा ध्यान दिनुका साथै असल आचरण अपनाएर जिम्मेवार नागरिकका रूपमा पर्यटकहरूको मन जित्ने व्यवहार गर्नुपर्ने उहाँले बताउनुभयो । पर्यटनसँग सम्बन्धित सङ्घसंस्थासँग समन्वय र सहकार्य गरी काम गर्नुपर्ने तथा सामाजिक सञ्जाल र डिजिटल प्रणालीको दुरूपयोग हुन नदिन सचेत रहनुपर्ने उहाँको भनाइ थियो । चाडपर्वका बेला आफ्नो स्वास्थ्यको ख्याल गर्दै मद्यपान, धूमपान तथा जुवातासजस्ता विकृतिबाट टाढा रहनुपर्नेमा पनि उहाँले जोड दिनुभयो । देशको अहित हुने सूचना पर्यटकहरूलाई प्रवाह गर्नु अपराध भएकाले यस्ता गतिविधिप्रति सचेत रहन उहाँले आग्रह गर्नुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले शुभकामना व्यक्त गर्दै पथप्रदर्शकहरूले आफ्नो ज्ञानको अधिकतम उपयोग गरी पर्यटकहरूसँग शिष्ट र मैत्रीपूर्ण व्यवहार गर्नुपर्ने बताउनुभयो । पर्यटन क्षेत्रको विकासमा पथप्रदर्शकहरूको विशेष भूमिका रहने भएकाले उनीहरू व्यावसायिक र इमानदार हुनुपर्ने उहाँको भनाइ थियो । भक्तपुरको दिगो पर्यटन विकासका लागि पथप्रदर्शकहरूले आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

पर्यटक प्रहरी पोस्ट भक्तपुरका प्रमुख एवं प्रहरी नायब निरीक्षक सरु पञ्चले नेपाल सरकारका नियम तथा कानुनअनुसार अनुमति प्राप्त पथप्रदर्शकले मात्र पथप्रदर्शन गर्न पाउने स्मरण गराउँदै सबै पथप्रदर्शकलाई नीति तथा नियमअनुसार काम गर्न आग्रह गर्नुभयो । पर्यटक प्रहरी पर्यटक तथा पर्यटन व्यवसायीको सुरक्षा र सहयोगका लागि सदैव तयार रहने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो ।

भक्तपुर पर्यटन विकास समितिका कोषाध्यक्ष एवं संस्कृति विषयकी विद्यावारिधि शोधार्थी रमिला दुवालले भोटेकोसी क्षेत्रमा गएको हिमपहिरोसम्बन्धी गलत प्रचारका कारण देशभरको पर्यटन क्षेत्रमा नकारात्मक प्रभाव परेको बताउनुभयो । भक्तपुरको पर्यटनको दिगो विकासका लागि स्थानीयहरू अझ बढी जिम्मेवार भएर काम गर्नुपर्ने उहाँको सुझाव थियो । भक्तपुरको कला, संस्कृति, सम्पदा, स्थानीय जीवनशैली, परम्परागत उत्पादन, स्थानीय सीप तथा उद्योगहरू पर्यटनका आधार भएकाले तिनको संरक्षणमा सबै सक्रिय हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका पूर्वअध्यक्ष एवं पथप्रदर्शक परिचालन समितिका सदस्य रामसुन्दर भेलेले संस्कृति मनाउने क्रममा विकृतिलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो ।

शुभकामना आदानप्रदान कार्यक्रममा पथप्रदर्शक परिचालन समितिका सदस्य शरद खत्रीलगायत पथप्रदर्शकहरू रामकेशरी भैल, जयराम शाही, राकेश बाग, कृष्णप्रसाद ब्याञ्जु, बब्लु रजक र सुरेश परियारलगायतले शुभकामना व्यक्त गर्नुभएको थियो ।

# वागीश्वरी बनसीमा शुभकामना कार्यक्रम

भक्तपुर, २९ असोज । वागीश्वरी मा.वि. बनसी ब्लकमा स्थानीय पासा पुचःसँग विजया दशमी २०८३ को शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले शुभकामना दिँदै नगरको पूर्वी भेगमा सामुदायिक विद्यालयको अभावलाई महसुस गरी वागीश्वरीले यस बनसीमा विद्यालयको पूर्वप्राथमिक तह विस्तार गर्ने अन्तिम तयारी भइरहेको जानकारी दिनुभयो ।

विद्यालयको यस विस्तारसँगै यस क्षेत्रको विकासमा पनि महत्त्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गर्दै उहाँले सूर्यमढीका स्थानीय बाजे पुस्ताले स्थापना गरी हुर्काइएको यस विद्यालयको पूर्व प्रावि ब्लकलाई बनसीवासीले अपनत्व ग्रहण गर्न पनि आग्रह गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य एवं पूर्व प्रावि व्यवस्थापन संयोजक ज्ञानसागर प्रजापतिले हाल पूर्व प्रा.वि. तहमा मात्र तीन सय विद्यार्थी अध्ययन गरिरहेको जानकारी दिँदै सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिकोणले स्तरीय रहेको चर्चा गर्दै देशभरका सामुदायिक स्कूलहरूमा वागीश्वरी स्कूल सरकारी सूचीमा आठौँ स्थानमा रहनु टोलवासीको लागि खुसीको विषय हो भन्नुभयो ।

स्थानीय पासा पुचःका माधवप्रसाद प्रजापतिले आफू पनि वागीश्वरीकै पूर्वविद्यार्थी भएकोले यसको विकास र विस्तारमा आफूहरूको तर्फबाट आवश्यक हरतरहको सहयोग गर्न तत्पर रहेको बताउनुभयो ।

विद्यालयका प्रअ कृष्णप्रसाद कर्याचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा स.प्र.अ. उकेश सुवालले पनि बोल्नुभएको थियो । कार्यक्रममा स्थानीय बासिन्दाहरूसँग अन्तक्रिया गरिएको थियो ।

हार्दिक समवेदना



जन्म
१९८८/०६/०४

स्वर्गारोहण
२०८३/०६/२६

स्व. जसमाया कुसी

यस भक्तपुर आदर निकेतनका अध्यक्ष लक्ष्मीप्रसाद कुसीकी ममतामयी माता एवं यस आदर निकेतनका सहभागी **जसमाया कुसी**को दुःखद निधन भएको आज पाँचौं दिन (ङानुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर आदर निकेतन**
च्याम्हासिंह-९, भक्तपुर

हार्दिक समवेदना



जन्म
१९८८/०६/०४

स्वर्गारोहण
२०८३/०६/२६

यस वडाका पूर्ववडाध्यक्ष एवं पासा पुचःका सल्लाहकार कृष्णगोपाल कुसी तथा पूर्ववडाध्यक्ष एवं भक्तपुर बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष र तुमचो दुगुरे चोखा आवास क्षेत्र खानेपानी उपभोक्ता समितिका सचिव लक्ष्मीप्रसाद कुसीकी ममतामयी आमा **जसमाया कुसी**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**भक्तपुर नगरपालिका**
**वडा नं. ९ कार्यालय**
दत्तात्रय, भक्तपुर

हार्दिक समवेदना



जन्म
१९८८/०६/०४

स्वर्गारोहण
२०८३/०६/२६

यस भक्तपुर नगरपालिका साबिक वडा नं. १ हाल भ.न.पा. ९ का पूर्ववडाध्यक्षहरू कृष्णगोपाल कुसी र लक्ष्मीप्रसाद कुसीकी ममतामयी माता **जसमाया कुसी**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

। सम्पादकीय ।

# प्रस्तावित केही राजदूत अस्वीकृत र सरकारमाथि नैतिक प्रश्न

रास्वपा सरकारले असोज २ गते १३ जना राजदूतको नाम संसदीय सुनुवाइका लागि सिफारिस गरेको थियो । असोज २८ गतेको सुनुवाइले निश्चलनाथ पाण्डे (भारत), कल्याणराज शर्मा (चीन), चिरञ्जङ्ग थापा (अमेरिका), गौरवशमशेर जबरा (बेलायत), सरु जोशी (जर्मनी), सुरेशकुमार कर्ण (इजरायल), पद्मा राणा (ओमान), सङ्गम श्रेष्ठ (दक्षिण कोरिया), प्राप्ति शेरचन (स्पेन) र मञ्चलाकुमारी झासहित १० जनाको नाम अनुमोदन गऱ्यो भने गिरिबहादुर सुनार (साउदी अरब) र चुडामणि खरेल (मलेसिया) को नाम अस्वीकृत गऱ्यो । जिग्यानकुमार थापा (जापान) को नाम स्थगनमा राख्यो । अनुमोदित उम्मेदवारहरूको कूटनीतिक क्षमता कस्तो छ भन्ने कुरा भने स्पष्ट भइसकेको छैन ।

सुनुवाइ समितिमा रास्वपाका सांसदहरूको बहुमत छ । रास्वपा संसदीय दलका नेताको नेतृत्वमा रहेको सरकारले सिफारिस गरेका राजदूतका उम्मेदवारलाई सुनुवाइ समितिले अस्वीकार गर्नु सरकारको नेतृत्वमाथि प्रश्न उठ्ने विषय होइन र ? आफ्नै सिफारिसविरुद्ध सुनुवाइ समितिले प्रश्न उठाएपछि सरकारको नेतृत्वले नैतिक जिम्मेवारी लिनुपर्दैन ? के रास्वपामा सरकार र पार्टीबिच मतभेद सुरु भएको हो ? के रास्वपा जनताको आधारमा गठन नभएको, अर्थात् विदेशीहरूबाट परिचालित भएको भनी 'दि ग्रेजोन' ले उठाएको विषय सत्य साबित भएको हो ?

रास्वपा सरकारले राजदूत नियुक्ति प्रक्रियामा खुला प्रतिस्पर्धा अपनाएको दाबी गऱ्यो । यो दाबी नेपाली काङ्ग्रेस, एमाले र तत्कालीन माओवादीले आ-आफ्ना कार्यकर्तालाई राजदूत बनाएको आरोपको सन्दर्भमा आएको हो । राजदूत छनोट परराष्ट्रसम्बन्धी जानकार देशभक्त नेपालीहरूबिच निर्वाचनमार्फत गर्नु उपयुक्त हुने विचार धेरै अघिदेखि उठ्दै आएको छ । यो प्रक्रिया अपनाइएको भए संसदीय सुनुवाइ समितिले सरकारको सिफारिस अस्वीकार गर्ने चुनौती रास्वपाले सामना गर्नुपर्ने थिएन ।

राजदूतहरूलाई आर्थिक कूटनीतिका दूत बनाउने दिशामा निर्दलीय पञ्चायती सरकारले काम गरेन भने बहुदलीय व्यवस्था पुन:स्थापनाको ३५ वर्षयताका सरकारले पनि यस दिशामा काम गरेनन् । राजदूत बनेकाहरूलाई सम्बन्धित देशको राजनीतिक, आर्थिक र सांस्कृतिक विषयमा आफ्ना अनुभव लेखाउन लगाई सरकारले त्यसको अभिलेख राख्नु आवश्यक हुन्छ । यो काम कुनै पनि सरकारले गरेनन् ।

साउदी अरबका लागि प्रस्तावित राजदूत गिरिबहादुर सुनारमाथि १२ वर्षअघि एक महिलालाई गर्भवती बनाएर मानसिक यातना दिएको र ती महिला अमेरिका भासिएको विषय सुनुवाइ समितिमा उठेको सार्वजनिक भयो । मलेसियाका लागि प्रस्तावित राजदूत चुडामणि खरेलमाथि म्यानपावर व्यवसायी विजय मिश्रको एड्भान्स ओभरसिजबाट राजदूत बनेर काम गरिदिने भन्दै करिब दुई करोड रुपैयाँ लिएको, मिश्रले उपलब्ध गराएको बा. २० च. ५३९ नम्बरको कालो टोयोटा गाडी चढ्ने गरेको र मलेसियामा नेपाली कामदार लैजाने भन्दै सम्झौतासमेत गरेको आरोप लागेको थियो । खरेलले योग महासङ्घ नेपालको महासचिव हुँदा लाखौँ रुपैयाँ घोटाला गरेको, पोखरामा वनको जग्गा मिलाइदिने भन्दै करोडौँ रुपैयाँ ठगी गरेको, जनकपुरको जग्गा घोटाला प्रकरणमा मुछिएको र झापामा कृषि अनुदान मिलाइदिने भन्दै स्थानीयसँग कमिसन लिएको आरोपबारे सुनुवाइ समितिले अध्ययन गऱ्यो ।

जापानका लागि प्रस्तावित राजदूत थापाले नियुक्ति प्रक्रियामा सहभागी हुने क्रममा स्थायी आवासीय अनुमति (पीआर) त्यागेको तर उनकी श्रीमती र छोराछोरीको पीआर कायम रहेको तथा त्यहाँ घरसमेत भएको विवरण सुनुवाइ समितिमा पेस भयो । मञ्चलामाथि कूटनीतिक क्षमतासम्बन्धी प्रश्न उठेको सार्वजनिक भयो । रास्वपा सरकारले राजदूतमा सिफारिस गर्नुअघि नै सम्बन्धित उम्मेदवारबारे विस्तृत अध्ययन किन गरेन ? के रास्वपा सरकारको कार्यक्षमतामाथि प्रश्न उठ्नु स्वाभाविक होइन ? दुई-चार वर्षमै कुनै पनि पार्टी र त्यसको दल परिपक्व हुन नसक्ने कुरा रास्वपा र यस सरकारले पुष्टि गरेको हो ?

# उपभोक्ता हितको संरक्षण र सक्रिय अनुगमनको आवश्यकता

✍ विवेक

चाडपर्व नजिकिएसँगै उपभोक्ताहरू ठगिने सम्भावना बढ्दो छ । गुणस्तरहीन सामान बेच्ने, म्याद नाघेका वस्तुहरू बिक्री गर्ने तथा मिसावट भएका सामानहरू बेच्नेहरू अरू बेलाभन्दा यस्ता बेलाहरूमा चलखलाउन सक्छन् । नाफाको निम्ति केही व्यापारी, व्यवसायीहरू जस्तोसुकै अनैतिक र गैरकानुनी काम गर्न पछि पर्दैनन् । त्यसको लागि नियन्त्रण गर्ने भरपर्दो र प्रभावकारी उपाय भनेकै अनुगमन गर्ने संस्थाहरू कडाइका साथ प्रस्तुत हुनु हो ।

नक्कली वस्तु उपभोग गरेकै कारण कति उपभोक्ताहरूले शरीरका अङ्गहरू गुमाउँछन्, कतिले नयाँ नयाँ रोगहरूको सामना गर्छन् त कति बिरामी परेर मृत्युको मुखसम्म पुग्छन् । बारम्बार यस्ता घटनाहरू भइरहन्छन् । नक्कली मदिरा सेवनका कारण मृत्यु भएको, गलत औषधिको कारण मानिस अपाङ्ग भएको र एउटा खुट्टामा अपरेसन गर्नुपर्नेमा डाक्टरको लापरवाहीले अर्को खुट्टामा अपरेसन गरेका जस्ता घटनाहरू नेपालीहरूका लागि नौला होइनन् ।

नेपालीहरूको मृत्युको कारण सर्नेभन्दा नसर्ने रोग प्रमुख भएको चिकित्सकहरू भनाइ छ । चिकित्सकहरूका अनुसार श्वासप्रश्वास, मुटु, मृगौला, ब्रेन स्ट्रोक, क्यान्सरजस्ता रोगहरूका कारण मृतकमध्ये ७० प्रतिशतभन्दा बढी छन् । त्यसो हुनुमा जलवायु प्रदूषण, विषादीयुक्त खाना, नक्कली औषधि, रसायनयुक्त फलफूल, अखाद्य वस्तुको मिसावट भएका खानाको उपभोगजस्ता मुख्य कारणहरू हुन् ।

उपभोक्ता ऐन २०७५ लागू भएको आधा दशक भइसकेको छ । ऐनमा बजार अनुगमन तीन तहकै सरकारहरूले गर्ने छुट्टाछुट्टै व्यवस्था छ । ऐनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहले अनुगमन समिति छुट्टाछुट्टै गठन गरे तर त्यो प्रभावकारी हुन सकेन । एउटै काम धेरै क्षेत्रमा विभाजन गरेको कारण पनि त्यसो भएको हुन सक्छ । उपभोक्ता ऐनमा स्वास्थ्यको गम्भीर असर पर्ने कार्य भएमा त्यस्तो अवस्थामा कानुनले क्षतिपूर्ति भराउनेदेखि सम्बन्धित व्यापारी, व्यक्ति वा कम्पनीलाई जेल सजाय गर्नेसम्मको व्यवस्था छ । कानुनमा व्यवस्था हुँदैमा सबै मिल्छ भने होइन । ऐन कानुन आफै कार्यान्वयन हुने होइन । त्यसका लागि उपभोक्ताहरू कानुनबारे सचेत हुनु जरुरी छ ।

पछिल्लो चरणमा उपभोक्ता अदालत पनि गठन भइसकेको छ । पीडित नागरिक आफूलाई परेको अन्याय तथ्य प्रमाणसहित अदालतमा गएमा न्याय पाउन सक्छन् । तर, विडम्बना ! उपभोक्ताहरू सकेसम्म अदालतसम्म जानै चाहँदैनन् । त्यसको कारण हो अदालतप्रतिको जनताको विश्वास नहुनु र ढिलासुस्ती । दैनिक जीवनकै कुरा गर्दा पनि एउटै सामानको मूल्य पसलैपिच्छे फरक फरक पाइन्छ । त्यो त सिधै उपभोक्तामाथि अन्याय हो । १२ वटा सीसी भएको एउटा पानीको बाकसको मूल्य ११० रुपैयाँ हुन्छ । तर, त्यही पानी उपभोक्ताले १ सीसीको २५ देखि ३० रुपैयाँ तिर्नुपर्छ । के यो सिधै ठगी होइन ? सर्वसाधारणको लागि पनि यो बानी नै बसिसकेको छ ।

ठाउँ ठाउँमा विद्युत्, दूरसञ्चार र केबुल नेटवर्कहरूका तारहरू छरपस्ट छन् । विद्युत् सट भएर वा अन्य विविध कारण ठाउँ ठाउँमा आगजनीका घटनाहरू भइरहेका छन् । त्यसबाट करोडौँको धन सम्पत्ति क्षति भए पनि विद्युत् प्राधिकरण, दूरसञ्चारलाई कानुनले जिम्मेवार बनाएको छैन । आगलागी भयो दमकलले आगो निभायो । त्यतिकैमा घटना सेलाएर गयो बस् । प्राधिकरणको कमजोरीको कारण मानिसको ज्यान जाने घटना भएमा प्राधिकरणलाई जिम्मेवार बनाई ज्यान मुद्दा चलाउने कानुनी व्यवस्था भएमा यति लापरवाही प्राधिकरणबाट हुने थिएन कि ! अहिले त न ऐन बोल्छ न उपभोक्ता नै अदालतसम्म पुग्छन् । गैरजिम्मेवार काम गर्नेहरूका लागि अहिले स्वतन्त्रता छ । पुँजीवादी व्यवस्थाको यो एक विशेषता नै हो ।

धेरैजसो सवारी दुर्घटना सडककै कारण हुने गरेको पाइन्छ । गुणस्तरहीन सडक निर्माण गर्दासमेत ठेकेदारलाई जिम्मेवार नबनाउँदा धेरैले ज्यान गुमाउनुपर्ने अवस्था छ । सडक भत्केर, खाल्डाखुल्डीका कारण कसैको ज्यान गएको वा अङ्गभङ्ग भएको रहेछ भने सडक निर्माण गर्ने ठेकेदारलाई जिम्मेवार बनाउने कानुनी व्यवस्था अपरिहार्य आवश्यकता हो । त्यसले धेरै हदसम्म दुर्घटना न्यूनीकरण गर्न सक्छ । जबसम्म यस्ता दुर्घटनाहरूमा ठेकेदारलाई जिम्मेवार बनाउँदैन तबसम्म यस्ता घटनाहरू बारम्बार दोहोरिरहन्छन् । हिलोमा कालोपत्रे गर्ने, सिमेन्टको भाग कम राखेर कमसल ढलान गर्ने जस्ता कार्यहरू एक प्रकारको मानवताविरोधी अपराध हो । त्यसले देशको अर्बौंको सम्पत्तिको नोक्सान त गर्छ नै त्यो भन्दा पनि नागरिकको ज्यान जानेसम्म अपराध हुन्छ । ठेकेदारहरूलाई पैसा कमाउनेमात्र होइन जिम्मेवार बनाउनेतर्फ पनि विभिन्न तहका सरकारहरूले सोच्न जरुरी छ ।

हरेक दिनको समाचारपत्र वा विद्युतीय सञ्चारमा भ्रष्टाचार, अनियमितताको समाचार नभएको दिन हुँदैन । पुल बनाएको एक वर्ष नबित्दै भत्केको, उद्घाटन नहुँदै भवन भत्केको र कमजोर संरचनाका कारण संरचना प्रयोगमा नआएका जस्ता थुप्रै घटनाहरू सुन्न नेपालीहरू अभ्यस्त भइसके । उनीहरूले त्यस्ता समाचारहरूप्रति ध्यान दिन पनि छाडिसके । हुन पनि त्यस्ता गलत काम गर्ने मानिसहरूमाथि कारबाहीको कहिल्यै समाचार आउँदैन । आई नै हाले पनि केही दिनभित्र त्यस्ता व्यापारी, कम्पनी मालिक वा ठगी आरोपमा पक्राउ परेका व्यक्ति छुटेको समाचार आउँछ । यसले जनताको मनोबल कमजोर हुने र ठगी गर्नेहरूको मनोबल बढ्नेछ ।

यहाँनेर भक्तपुर नगरपालिकामा भएका केही घटनाहरूको उदाहरण प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । नगरपालिकाअन्तर्गत सञ्चालित ख्वप कलेजको भवन निर्माणको क्रममा देखियो । निर्माण कम्पनीले बेसमेन्ट ढलानको अन्तिम चरणमा पुग्दा कमसल दण्डी राखेको पाइयो । प्रयोगशालामा पठाएर पटक-पटक परीक्षण गर्दा पनि पास नभएपछि ती सबै दण्डीहरू निकाल्न लगाइयो । सबै दण्डी हटाउन लगाई त्यसको लागि ज्यालामात्र पनि १८ लाखभन्दा बढी तिराइयो । अर्को प्रसङ्ग, एक तला ढलान गर्दा निर्माण मापदण्डअनुसार नभएको देखिएपछि प्राविधिक प्रतिवेदनको आधारमा ४५ देखि ५० लाख रुपैयाँ बराबरको रेट्रोफिटिङ गर्न लगाइयो । त्यस्तै वडा कार्यालय भवन निर्माणको क्रममा नक्कली सिमेन्ट भेटिएपछि व्यापारीसँग क्षतिपूर्ति भराइएको थियो । त्यस्ता थुप्रै उदाहरणहरू छन् । विद्यालय, कलेज, अस्पताल, पुलजस्ता सार्वजनिक निर्माणहरूमा हेलचेक्र्याइँ वा लापरबाही गर्ने जोसुकै भए पनि कडा दण्ड सजाय हुनुपर्छ । त्यसले जनताको ज्यूधनको सुरक्षा गर्न मद्दत गर्दछ ।

ऐन कानुनको प्रभावकारी कार्यान्वयन र कानुनमा कडा दण्ड सजायको व्यवस्था भएमा जथाभावी गर्नेहरू सचेत हुन्छन् । त्यसका लागि कानुन बनेर मात्र पुग्दैन उपभोक्ताहरू नै आफ्नो अधिकारप्रति सचेत हुनुपर्छ । फितलो कानुनी व्यवस्था र नाउँ मात्रको अनुगमनलाई नाफाखोर व्यापारी व्यवसायीहरूले तेर्ने छैनन् ।

स्थानीय तहले गरेको निर्माणको अनुगमन गर्ने जिम्मेवारी कानुनले जिल्ला समन्वय समितिलाई दिएको छ । तर त्यो बाध्यकारी नहुँदा त्यसको प्रभावकारिता शून्य छ । स्थानीय तह स्वयम्लाई अनुगमनको अधिकार दिएको हुँदा सबै पालिकाहरूले स्थानीय अनुगमन समितिमार्फत कार्य गर्दै आएका छन् । जिल्ला समन्वय समितिको अनुगमन प्रभावकारी नहुँदा त्यो हुनु र नहुनुको कुनै अर्थ नै रहेन । कानुन निर्माताहरूले एउटै काम धेरै निकायको जिम्मेवारीमा छाड्नाले कार्यान्वयनमा जटिलता आएको हो । कसले के काम गर्ने हो, त्यो कानुनमा स्पष्ट हुनुपर्छ ।

अदालत, कानुन भनेको सचेत नागरिकहरूलाई सहयोग गर्ने निकाय हो । पीडामा परेको नागरिक न्यायका लागि अदालत जानैपर्छ । आफ्नो पीडा अदालतसम्म नपुऱ्याउने, दु:ख आफैसँग मात्र सीमित राख्ने, सडकमा रोइकराई गर्नेहरूलाई अदालत घरसम्म पुगेर न्याय दिने होइन । जसले न्यायको माग गरेर अदालतको ढोका घच्घच्याउँछ उसलाई कानुनबमोजिमको न्याय दिने काम अदालतको हो । विभिन्न राजनीतिक दल, सङ्घ संस्था र समूहहरूले कानुनमा भएका अधिकारहरूबारे जनतालाई बुझाउनु आवश्यक छ । उपभोक्ताहरू ठगिनबाट जोगाउने कार्यमा दलका नेता, कार्यकर्ताहरू र सङ्घ संस्थाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यो भूमिकाबाट दलका कार्यकर्ताहरू, सङ्घ संस्थाका प्रतिनिधिहरू कतै चुकेका त छैनन् ?

अहिले कानुन अध्यापन गर्ने कलेजहरू बढ्दै छन् । कानुन पढ्नेहरूको सङ्ख्या पनि बढ्दो छ । विद्यार्थीहरू टोल टोल, गाउँ गाउँमा गएर उपभोक्ता ऐन, अदालतको काम र त्यसले दिने क्षतिपूर्तिबारे जनतालाई बुझाउन आवश्यक छ । त्यसले व्यापारी, व्यवसायी, निर्माण कम्पनी र सरकारी कार्यालयहरूको मनोमानी धेरै हदसम्म न्यूनीकरण हुनेछ । त्यो एक प्रकारको जनताको सेवा पनि हो ।

उपचार नपाएर धेरै गरिबहरू मरिरहेका छन् । अस्पताल पुगेर पनि पैसा नभएको कारण भर्ना हुन नपाएर सडकमै बच्चा जन्माउनु परेको घटना पनि ताजै छ । बिरामीको चापअनुसार बेड सङ्ख्या नहुनु, दरबन्दीअनुसार चिकित्सक नभएको कारण बिरामी अर्को अस्पताल लाँदालाँदै मृत्यु हुनुजस्ता घटनाहरूको जिम्मेवार सरकारलाई नै बनाइनुपर्छ ।

संविधानले प्रदान गरेको स्वास्थ्य सेवाको हक, स्वच्छ खानेपानी तथा सरसफाइको हक, खाद्य सम्प्रभुताको हक आवासको हक, प्रजनन स्वास्थ्यसम्बन्धी हक र बालबालिकाको हक नेपाली जनताको लागि हो, संविधान विदेशीलाई देखाउने दस्तावेज हुनु हुँदैन । ती हकहरू जनस्तरमा पुग्न त्यससम्बन्धी कानुनहरू संसद्ले बनाउन ढिलाइ गर्नुहुन्न ।

संविधान आएको १० वर्ष बितिसक्दा पनि ३ वर्षमा बनाउनुपर्ने कतिपय कानुनहरू अहिलेसम्म बन्न सकेका छैनन् । यसले पनि कतिपय संविधान प्रदत्त हकहरू नेपाली जनताले उपभोग गर्न पाएका छैनन् । अहिले रास्वपाको दुईतिहाइको सरकार छ । यसले संविधानअनुसार जनताको हितमा बनाउनुपर्ने कानुनहरू ढिलाइ नगरी बनाउने र उपभोक्ता ऐनअनुसार उपभोक्ता हितमा काम गर्न सबै तहका अनुगमन समितिलाई सक्रिय बनाउने अपेक्षा छ ।

# इनर्जी ड्रिङ्क्सको नाममा स्वास्थ्यमाथि खेलबाड कहिलेसम्म ?

प्रिय सम्पादकज्यू,
मजदुर दैनिक ।

तपाईंको लोकप्रिय पत्रिकामार्फत जनस्वास्थ्यमा भइरहेको खेलबाडको विषयमा जानकारी गराउन चाहन्छु ।

इनर्जी ड्रिङ्क सेवनले उपभोक्ताको स्वास्थ्यमाथि असर पुऱ्याइरहेको भए पनि सरकारले त्यस्ता वस्तु निर्वाध बिक्री गर्न दिनु खेदको विषय हो । शरीरलाई ऊर्जा दिने भनी गरिएको प्रचारको पछि लागेर इनर्जी ड्रिङ्क सेवन गरेकाहरूमा विभिन्न स्वास्थ्य समस्या देखिएको स्वास्थ्यकर्मीहरूको मत बाहिरिएको छ ।

स्वास्थ्यकर्मीहरूका अनुसार इनर्जी ड्रिङ्कमा हुने क्याफिनको मात्रा र अन्य रासायनिक तत्त्वका कारण मुटुको धड्कन बढ्ने, रक्तचापमा असर पर्ने, पाचनसम्बन्धी समस्या देखिने जोखिम बढाउँछ । क्याफिनप्रति बढी संवेदनशील बालबालिका तथा किशोरकिशोरीमा यसको असर झन् घातक हुनसक्ने विशेषज्ञहरूको भनाइले हाम्रा नयाँ पुस्ताको स्वास्थ्य भोलिका दिनका कस्तो हुने सहजै अनुमान गर्न सकिन्छ ।

दैनिक दुई-तीन क्यान इनर्जी ड्रिङ्क नियमित सेवन गर्ने युवामा मिर्गौला फेल हुने र पाचन प्रणाली बिग्रनेजस्ता गम्भीर समस्या देखिएको चिकित्सकहरूको भनाइमा सरकारको ध्यान किन नभएको हो ? चाडपर्वमा म्याद गुज्रिएका पेयपदार्थलाई समेत रिलेब्लिङ गरेर बिक्री वितरण भइरहेको समाचार बाहिरिएको पुरानो हो । यस्ता पेयपदार्थले जिउज्यान र स्वास्थ्यको समस्या हुनुको साथै सम्पत्तिसमेत नोक्सान हुने विषय के सरकारलाई थाहा छैन र ?

उपभोक्ताले स्वास्थ्य र गुणस्तरीय वस्तु उपभोग गर्न पाउने हक उपभोक्ता संरक्षण ऐन २०७५ ले प्रत्याभूत गरेको छ । जनताको स्वास्थ्यमा गम्भीर असर गर्ने अखाद्य इनर्जी ड्रिङ्क र अन्य पेय पदार्थ खुलमखुला बिक्री गर्न दिने सरकार अपराधी किन होइन ?

अमेरिकी कम्पनीबाट उत्पादन गरिने यस्ता पेयपदार्थ संसारभरि नै बिक्री वितरण गर्ने कार्यबाट अमेरिकी साम्राज्यवादले विश्वका जनतालाई युद्धमा जनता मारेजस्तै मार्न खोजिरहेको किन होइन ? होइन भने केही रकम भन्सार र करको लोभमा जनताको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने यस्ता पेयपदार्थ सरकारले कसको दबाबमा बिक्री गर्न दिइरहेको छ ।

विगतमा चाउचाउ उत्पादन गर्ने उद्योगपतिले चाउचाउ खान अस्वीकार गरेको घटना ताजै छ । खानयोग्य सामान उत्पादन नगरी जनतालाई विष खुवाउने उद्योगी, व्यापारी सरकारका मन्त्री, उच्च अधिकारीसमेतलाई उपभोक्ता ऐनअनुसार कानुको कठघरामा उभ्याउनुपर्ने जनताको मत छ ।

- शुक्र



पाठक पत्र

# नेपालको नक्सामा चुचे नक्सा खोइ ?

नेपालको चुच्चे नक्सासम्बन्धी विवाद चर्किरहेको वर्तमान परिप्रेक्ष्यमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार आएपछि पछिल्लो समय प्रधानमन्त्री तथा मन्त्रीहरू सहभागी हुने कार्यक्रमहरूका मूल ब्यानरमा नेपालको नक्सा अङ्कित गर्दा चुच्चे नक्सा नराखिएको विषय चर्चामा आएको छ । प्रधानमन्त्री बालेनले सदनमा सम्बोधनको क्रममा नेपालले पनि भारतको धेरै भूभाग मिचेको अभिव्यक्ति दिनुभएको सन्दर्भसँग यसलाई जोडेर हेर्न थालिएको छ ।

त्यति मात्र होइन, भक्तपुरमै आयोजित एउटा कार्यक्रममा पनि चुच्चे नक्सा नराखिएको पाइएको छ । यसलाई संयोगका रूपमा लिने कि आयोजकको बेवास्ता मान्ने भन्ने प्रश्न खडा भएको छ ।

देशको सार्वभौमिकतासँग जोडिएको अत्यन्त संवेदनशील विषयमा हरेक देशभक्त नागरिकले आलोचनात्मक दृष्टिकोण राख्न जरुरी छ । सम्बन्धित सबै पक्षको ध्यानाकर्षण होस् ।

– एक देशप्रेमी

# प्यालेस्टिनी महिलाले इजरायली जेलमा भोगेको दुर्व्यवहार र अपमानजनक अवस्थाबारे बयान

तीन वर्षअघि गाजापट्टीमा इजरायली नरसंहार सुरु भएयता, इजरायली कारागारहरूमा रहेका प्यालेस्टिनीहरूले दुर्व्यवहार सहँदै आएका छन् । इजरायली नियन्त्रणमा बन्दीहरूसँग गरिएको व्यवहार र प्यालेस्टिनी प्रतिरोध (हमास) समूहले इजरायली युद्धबन्दीहरूसँग गरेको व्यवहारबिच आकाश-जमिनको फरक छ । रिहा भएपछि, इजरायली बन्दीहरूले आफूहरूसँग राम्रो व्यवहार गरिएको बताए; उनीहरूमध्ये एकले त लडाकुहरूले उनको जन्मदिन मनाउन उनलाई केकसमेत दिएका थिए ।

गाजामा बन्दी बनाइएकीमध्ये एक नोआ अर्गामानीले पछि बताइन् कि बन्दी अवस्थामा आफूलाई लागेका चोटपटकहरू इजरायलको अन्धाधुन्ध बमबारीका कारण भएका थिए, न कि आफूलाई नियन्त्रणमा राख्नेहरूले गरेको दुर्व्यवहारका कारण ।

अर्का इजरायली बन्दी किथ सिगलले त आफूलाई बन्दी बनाउनेहरूलाई पत्र नै लेखेर आफ्नो हेरचाह गरेकोमा उनीहरूलाई धन्यवाद दिए । “सुरक्षाकर्मीहरूले खाना र खानासम्बन्धी



समस्या आदिबारे मेरा अनुरोधहरूको सुनुवाइ गरे,” सिगलले पत्रमा लेखे । “उनीहरूले मेरो स्वास्थ्य अवस्था सुहाउँदो, तेलरहित शाकाहारी खाना ल्याउने कुराको पनि सुनिश्चित गरे ।”

तर, इजरायली कालकोठरीहरूमा प्यालेस्टिनी बन्दीहरूले भने एकदमै भिन्न अनुभव गरिरहेका छन् । इजरायलीहरूले प्यालेस्टिनीहरूको उमेर वा लिङ्गको वास्ता नगरी उनीहरूप्रति अत्यन्तै क्रूर व्यवहार गरेका छन् । उनीहरूले प्यालेस्टिनीहरूमाथि बलात्कार गर्न र पिसाब फेर्न कुकुरहरू परिचालन गरेका छन् तथा आफ्नो नियन्त्रणमा रहेका कम्तीमा ९४ जना बन्दीहरूको हत्या गरेका छन् ।

गत महिनाको अन्त्यतिर, प्यालेस्टिनी बन्दी अधिकार समूह ‘अद्दामिर’ (Addameer) ले पूर्व बन्दीहरूका नौवटा बयानहरू सार्वजनिक गऱ्यो, जसमा उनीहरूले इजरायलीहरूबाट भोगेको भयानक दुर्व्यवहारको विवरण दिइएको छ ।

एस.डी. (S.D.) नामले मात्र पहिचान भएकी एक महिलाले सामाजिक सञ्जालमा राखिएका पोस्टहरूका कारण सन् २०२५ को जून महिनामा मध्यरातमा आफ्नो घरबाट आफूलाई अपहरण गरिएको बताइन् । कारागार लैजाने क्रममा उनलाई जीपको भुइँमा सुत्न बाध्य पारियो र इजरायली सैनिकहरूले उनलाई कुल्चे । उनको गिरफ्तारीको समयमा इरानमाथि इजरायली-अमेरिकी आक्रमण जारी रहेकाले, इरानले गर्ने जवाफी हमलाको सजाय इजरायलीहरूले उनलाई दिने गर्थे । “जब-जब क्षेप्यास्त्र प्रहार वा त्यस्तै केही हुन्थ्यो, उनीहरू त्यसको रिस ममाथि पोख्थे,” उनले भनिन् ।

हासारोनमा छोटो समयको बसाइँको क्रममा एस.डी.ले आफ्नो कोठा फोहोर पानीले भरिएको बताइन् । “जमिनमुनिबाट पानी निस्किरहेको थियो र पूरै भुइँ फोहोर पानीले ढाकिएको थियो,” उनले भनिन् ।

अन्ततः उनलाई डेमन जेल पठाइयो, जहाँ हाल प्यालेस्टिनी महिला बन्दीहरूमध्ये ९१ जनालाई राखिएको छ । एस.डी. को बयानले इजरायली कालकोठरीहरूमा महिला बन्दीहरूले भोगेको भयावह दुर्व्यवहारलाई उजागर गर्छ । यति मात्र होइन, इजरायली कब्जाकारी फौजका विशेष एकाइहरूद्वारा गरिने नियमित छापाका कारण उनीहरूको दयनीय जीवन-स्थिति र उनीहरूप्रति गरिने दुर्व्यवहार अझ भयावह बनेको छ ।

यहाँ अद्दामिर (Addameer) मा प्रकाशित एस.डी.को पूर्ण बयान दिइएको छ :

मलाई सन् २०२५ को जून महिनामा बिहान करिब १:०० बजे मेरो घरबाट पक्राउ गरिएको थियो । उनीहरूले पहिले सहरमा छापा मारे, अनि मेरो घरमा छापा मारेर घेरा हाले । उनीहरू निकै क्रूर तरिकाले मेरो घरभित्र पसे, मेरा परिवारका प्रत्येक सदस्यबारे सम्पूर्ण जानकारी सङ्कलन गरे र त्यसपछि मलाई पक्राउ गरे ।

उनीहरूले मलाई जीपमा राखेर लगे । मलाई जीपमा राखिएको क्षणदेखि सैन्य शिविर नपुगुन्जेलसम्मको यात्रा अत्यन्तै कष्टकर थियो । स्थानान्तरणको क्रममा, उनीहरूले मेरा हातहरू पछाडि बाँधेर मलाई जीपको भुइँमा घोप्टो परेर सुत्न बाध्य पारे । पुरुष र महिला सैनिकहरूले जानाजानी ममाथि पाइला टेके ।

उनीहरूले मलाई आफ्ना राइफलको कुन्दाले पनि कुटे । त्यतिबेला इरानसँगको युद्ध चलिरहेको थियो र क्षेप्यास्त्रहरू प्रहार भइरहेकै थिए । जब-जब क्षेप्यास्त्र प्रहार वा त्यस्तै केही हुन्थ्यो, उनीहरू त्यसको रिस ममाथि पोख्थे । मलाई किन हो भन्ने कुरा थाहा थिएन, तर त्यस्तै भयो ।

उनीहरूले मलाई सुरुमा नाब्लुस नजिकैको एउटा अज्ञात सैन्य शिविरमा लगे, जहाँ म भोलिपल्टको बिहानसम्म बसेँ । मलाई महिला सैनिकहरूसँग एउटा कोठाभित्र राखिएको थियो । म पूरै समय म बाँधिएकी, आँखामा पट्टी बाँधिएको र भुइँमा बसेको अवस्थामा रहेँ ।

म करिब एक दिन सेनासँगै रहेँ, त्यसपछि उनीहरूले मलाई हसारोन (Hasharon) लगे । त्यसअघि, उनीहरूले मलाई सोधपुछका लागि सालेम लगे । त्यसपछि मलाई हसारोन लगियो ।

म हासारोनमा आधा रात बसेँ । मलाई राखिएको कोठरी अत्यन्तै खराब थियो । त्यहाँका गार्डहरूको व्यवहार कठोर तथा दुर्व्यवहारपूर्ण थियो ।

जब म कोठरीभित्र पसेँ, त्यहाँ अँध्यारो थियो र पूरै भाग पानीले भरिएको थियो । जमिनमुनिबाट पानी निस्किरहेको थियो र पूरै भुइँ फोहोर पानीले ढाकिएको थियो । त्यहाँ कम्बल थियो वा अरू कुनै कुरा थिएन ।

कीरा र साङ्लाहरू ममाथि र मेरो शरीरमा सरिरहेका थिए र मैले तिनलाई आफूबाट टाढा राख्ने प्रयास गरेँ । परिस्थिति अत्यन्तै कठिन थियो । दिन हो कि रात, मलाई थाहा थिएन र त्यहाँ प्रकाशको कुनै स्रोत थिएन । म एक्लै थिएँ । भोलिपल्ट बिहान उनीहरूले मलाई हसारोनबाट डेमन (Damon) जेलमा लगे ।

म डेमन पुग्दा त्यहाँ करिब ७८ जना महिला कैदी थिए भन्ने मेरो अनुमान थियो, यद्यपि मलाई यकिन सङ्ख्या भने याद छैन ।

मैले डेमनमा १४ महिना बिताएँ, फेसबुकमा उक्साहटपूर्ण गतिविधि गरेको अभियोगमा मलाई तोकिएको सजायको अवधि यही थियो ।

मेरो नजरबन्दको सुरुवात अत्यन्तै कष्टकर थियो । पक्राउ परेको क्षणदेखि नै तपाईं अझै पनि त्रसित र भयभित हुनुहुन्छ । जेल पस्नेबित्तिकै त्यहाँ गरिने खानतलासीले म स्तब्ध भएँ । उनीहरूले कोठा र त्यहाँ भएका हरेक सामान, साधारणभन्दा साधारण वस्तुसमेतको जाँच गर्थे, जबकि त्यहाँ जीवनका लागि अत्यावश्यक आधारभूत कुराहरूकै अभाव थियो । लुगाफाटाको कमी थियो र पर्याप्त खानेकुरा थिएन ।

उनीहरू आफूखुसी बत्ती बाल्ने र निभाउने पनि गर्थे । म गर्मीयामको सुरुवातमा, जून महिनामा डेमन पुगेकी थिएँ । झ्याल, ढोका र अन्य भाग सबै बन्द थिए, जसले गर्दा कोठाभित्र हावा आवतजावतको कुनै व्यवस्था थिएन । त्यहाँ भेन्टिलेसन प्रणाली वा एयर कन्डिसनिङ थिएन । झ्यालहरू बन्द थिए र एउटा सानो प्वालबाट थोरै मात्र हावाभित्र पस्थ्यो ।

भोलिपल्ट बिहानै छापा मार्ने काम सुरु भयो र ती छापाको अर्थ के थियो भन्ने कुरा मैले थाहा पाएँ । यस्ता छापामा कोठाभित्र कुकुरहरू ल्याइन्थ्यो, स्टन ग्रेनेड प्रहार गरिन्थ्यो, अनि सुरक्षाकर्मी र विशेष दस्ताकाहरू अचानक र आक्रामक शैलीमा महिला कैदीहरूको कोठामा प्रवेश गर्थे । उनीहरू ढोका खोलेर कोठाभित्र पस्थे, महिलाहरूलाई बाहिर निकाल्थे, भुइँमा बसाउँथे र नियन्त्रणमा लिन्थे ।

त्यसपछि उनीहरूले हामीलाई बाहिर लगेर भुइँमा घोप्टो पारेर लडाए र हाम्रा हात बाँधिदिए, जबकि कुकुर हाम्रो वरिपरि र हाम्रो अनुहारको अगाडि थियो । खानतलासी नसकिँदासम्म हामी करिब एक घण्टा वा कहिलेकाहीं त्योभन्दा बढी समयसम्म जमिनमै रहन्थ्यौँ । त्यसपछि उनीहरू हामीलाई हाम्रा कोठाहरूमा फर्काउँथे, जहाँ पुग्दा कोठा पूरै अस्तव्यस्त अवस्थामा पाउँथ्यौँ ।

यी छापा मार्ने क्रमको सुरुवात थियो । त्यसपछि, जेलबाहिर कुनै घटना भएको होस् वा उनीहरूलाई आक्रोशित बनाउने खालका घटनाहरू हुँदा, उनीहरूले समय-समयमा छापा मार्न थाले ।



ती छापाहरूबाटै हामीलाई बाहिर केही भएको छ भन्ने थाहा हुन्थ्यो, अनि पछि जब हामी आफ्ना वकिलहरूलाई भेट्न बाहिर निस्कन्थ्यौँ, तब हामीले आपसमा गरेको कुराकानी वास्तवमै सत्य रहेछ भन्ने कुरा थाहा पाउँथ्यौँ ।

छापाको तीव्रता कहिले बढ्थ्यो त कहिले घट्थ्यो । केही छापाका बेला बाहिरी टोलीहरू आएर छापा मार्थे, जसले गर्दा स्थिति अझ खराब हुन्थ्यो ।

त्यो वर्षको जुलाईमा करिब सात पटक छापा मारिएका थिए र त्यो सबैभन्दा हिंस्रक अवधिहरूमध्ये एक थियो । तर, जुलाईमा मारिएको छापा मेरो सम्पूर्ण बन्दी जीवनमा मैले भोगेको सबैभन्दा कठिन छापा थियो ।

जुलाईको महिनाको एक दिन, ‘यामाज’ विशेष दस्ता हाम्रो खण्डमा प्रवेश गऱ्यो । बिहान करिब १० वा ११ बजेतिर हामीले उनीहरूभित्र पसेको सुन्यौँ । उनीहरूले स्टन ग्रेनेड प्रहार गरे र कोठाहरूमा प्रवेश गरे ।

त्यो छापाको क्रममा बाहिर निकालिएकी म पहिलो केटी थिएँ र उनीहरूले बाहिर लैजाँदा पनि म नै पहिलो थिएँ । उनीहरूले हामीलाई भुइँमा धकेले र हाम्रा हातहरू पछाडि पारेर हतकडी लगाए । हतकडी लगाउने तरिका अत्यन्तै हिंस्रक र कसिलो थियो; त्यसको दबाबले हाम्रा हातहरू नै चुँडिएर अलग हुने हुन् कि जस्तो महसुस हुन्थ्यो ।

त्यसपछि उनीहरूले हामीलाई बाहिर लगेर घाममा जमिनमा फालिदिए । त्यहाँ छायाँ भएको ठाउँ थियो, तर उनीहरूले जानाजानी हामीलाई घाममा राखे । मौसम असाध्यै गर्मी थियो र तापक्रम निकै उच्च थियो ।

जमिन तातो थियो र घाम हाम्रो ठीक टाउकोमाथि थियो । हामी एक-अर्काको एकदमै नजिक थियौँ र कोही पनि हलचल गर्न सक्दैनथ्यो ।

त्यही समयमा, त्यो खण्डभरि नै लुतो फैलिन थालेको थियो । मेरो शरीर असाध्यै दुखिरहेको थियो; त्यो दुखाइ लुतोका कारण हो वा गर्मीका कारणले, म ठम्याउन सकिरहेकी थिइनँ, तर गर्मीले भने दुखाइलाई झन् बढाएको थियो ।

मलाई मेरो शरीरभित्र आगो बलिरहेको जस्तो महसुस भयो । चिलाउने समस्या झन् बढ्यो तर हामी आफैँलाई कन्याउन पनि सक्दैनथ्यौँ किनभने हामी बाँधिएका थियौँ र भुइँमा लडिरहेका थियौँ ।

त्यतिबेला मलाई क्लिनिक लगिएन र कसैले पनि मेरो जाँच गरेन । पछि, रिहा भएपश्चात् मलाई लुतो भएको पत्ता लाग्यो र हाल म उपचार गराइरहेकी छु ।

हामी करिब दुई घण्टा घाममा भुइँमै बसिरह्यौँ । केटीहरू यति धेरै पसिना बगाइरहेका थिए कि उनीहरूको पसिना भुइँमा खसिरहेको थियो । तीमध्ये एकजनाले म रोइरहेकी ठानेकी थिइन्, तर भुइँमा खसिरहेको पसिना थियो, आँसु होइन ।

उनीहरूले पेपर ग्यास (खुर्सानीको धुलो मिसिएको ग्यास) पनि छर्के । हामीलाई निसास्सिन र खोक्न थाल्यौँ र चल्न पनि असमर्थ भयौँ । गर्मी, पिरो ग्यास, हत्कडी र लुतोको संयुक्त असरले शरीरमा जलन बढायो, जसले गर्दा अवस्था अत्यन्तै कष्टकर बन्यो ।

छापा मार्ने क्रममा उनीहरूले केही केटीहरूलाई कुटपिट गरे र उनीहरूमाथि खुट्टाले टेके । मलाई व्यक्तिगत रूपमा त्यस्तो गरिएन, तर कुटपिट हुँदा केटीहरू चिच्याएको र ‘आह’ भनेको आवाज म सुन्न सक्थेँ । त्यहाँ कोही बोल्दा वा सास फेर्ने प्रयास गर्दा पनि उनीहरूले त्यो केटीलाई भुइँमा लडाउँथे र आफ्ना सैनिक बुटले कुल्चिन्थे ।

छापाको क्रममा मेरो आँखामा पट्टी बाँधिएको थियो । त्यहाँ यामाज युनिटका बीसभन्दा बढी सदस्यहरू थिए; साथै अर्को एउटा युनिट पनि थियो जसमा करिब दस जना जति सदस्य थिए भन्ने मलाई लाग्छ र त्यस खण्डमा खटिएका गार्डहरू पनि त्यहाँ थिए ।

यामाजका सैनिकहरूले विशेष चिह्न र ‘यामाज’ शब्द लेखिएको, विशिष्ट गाढा नीलो रङको पोसाक लगाएका थिए । केही केटीहरू हिब्रू भाषा पढ्न सक्थे, त्यसैले तिनको पोसाक हेरेरै तुरुन्तै उनीहरूलाई चिन्न सक्थे ।

छापा मारिएपछि हामी कोठामा फर्कियौँ, जुन छापाको क्रममा तोडफोड र क्षति पुऱ्याइएको थियो ।

त्यसपछि, केही महिला कैदीहरूलाई एकान्तवासमा राखियो; तर उक्त छापा मार्नुको वा कैदीहरूलाई एकान्तमा राख्नुको कुनै स्पष्ट कारण थिएन ।

१३ जुलाईको छापापछि अन्य छापाहरू पनि मारिए । कहिलेकाहीं छापाले पूरै खण्डमा केन्द्रित हुन्थ्यो भने कहिलेकाहीं यो निश्चित कोठाहरूमा मात्र सीमित हुन्थ्यो । मलाई तिनका यकिन मितिहरू याद छैनन् किनभने जुलाईको छापा, त्यसको कठोरताका कारण मेरो स्मृतिमा गहिरोसँग बसेको छ ।

अन्य छापाहरू पनि लगभग उस्तै तरिकाले गरिन्थे : उनीहरू महिला कैदीहरूलाई बाहिर निकाल्थे, नियन्त्रणमा लिन्थे र कुटपिट गर्थे ।

अगस्ट महिनामा, म छुट्नुभन्दा एक दिनअघि, महिला कैदीहरूमाथि निकै कठोर छापा मारिएको थियो । उनीहरूले केटीहरूलाई नराम्ररी कुटे । त्यहाँ एक सुरक्षा अधिकारी थिए जसले कैदीहरूलाई कुटपिट गर्ने आदेश दिए र सिपाहीहरूसँगै मिलेर उनीहरूलाई कुटे पनि । तीमध्ये केही महिला वृद्ध थिए तर उनीहरूले तिनको उमेर वा अवस्थाको कुनै ख्याल गरेनन् ।

अगस्ट महिनामा भएका दुईवटा छापा मलाई याद छन् ।

अगस्टको एक दिन, बिहान करिब ६ बजे, सुरक्षाकर्मी र यामाजसहितका टोलीहरूले हाम्रा कोठाहरूमा छापा मारे । उनीहरूले सबै महिला कैदीहरूलाई हतकडी लगाए, बाहिर निकाले र भुइँमा सुत्न बाध्य पारे । त्यहाँ धम्की र अपमान थिए र उनीहरूको तरिका अघिल्ला छापाका बेला अपनाइएका तरिकाहरूसँग मिल्दोजुल्दो थियो ।

त्यसपछि उनीहरूले प्रत्येक महिला कैदीलाई उनको कोठामा लगे । यामाज टोलीका करिब तीन सदस्यहरू गार्डहरूसँगै प्रत्येक कोठामा पस्थे र त्यहाँका सबै सामानहरू बाहिर निकाल्थे ।

उनीहरूले कोठाबाट सबै कुरा लगे : कप, व्यक्तिगत सामान र कम्बलसमेत । उनीहरूले लगभग केही पनि बाँकी राखेनन् । उनीहरूले कोठाहरू पूर्ण रूपमा खाली गरे र सबै सामानहरू हटाए ।

हामी कोठामा फर्किंदा ती खाली थिए । हामीले नुहाउन नपाई, लुगा फेर्न नपाई र बाहिर निस्कन नपाई दुई दिन बितायौँ ।

हामीमाझ लुतो र एलर्जीलगायतका रोगहरू व्यापक रूपमा फैलिएका थिए । कोठामा सरसफाइको अभाव र हावा आवतजावतको राम्रो व्यवस्था नभएकोले अवस्था निकै खराब थियो । छापा मारेको कारबाहीको बेला, हामी करिब दुई घण्टासम्म भुइँमा घोप्टो परेर बस्यौँ ।

अन्तिम समयमा अवस्था निकै दयनीय थियो । खानाको मात्रा अत्यन्तै सीमित थियो र सधैँ पर्याप्त हुँदैनथ्यो । सरसफाइको कुरा गर्दा, उनीहरूले हामीलाई कोठा सफा गर्न निश्चित समय तोकिदिन्थे तर कुचो तथा अन्य सामग्रीजस्ता पर्याप्त सरसफाइका सामानहरू उपलब्ध गराउँदैनथे । हामी उनीहरूले तोकेको समयभित्रै कोठा सफा गर्न बाध्य हुन्थ्यौँ ।

व्यक्तिगत सरसफाइको सन्दर्भमा, म रिहा हुनुभन्दा अघि हामीले दुई दिनसम्म नुहाउन नपाएरै बितायौँ; जबकि त्यहाँ गर्मी थियो र सरसफाइको अवस्था पनि निकै खराब थियो । स्यानिटरी प्याडको अभाव थियो र उनीहरूले हामीलाई सधैँ पर्याप्त मात्रामा ती उपलब्ध गराउँदैनथ्यो ।

त्यो खण्डको अधिकांश भागमा लुतो फैलिएको थियो र यसले लगभग सबैलाई प्रभावित पारेको थियो । त्यही वर्षको जुन महिनामा अवस्था बिग्रन थाल्यो र लुतो प्रभावित महिलाहरूको सङ्ख्या नौ जना कैदीभन्दा निकै बढी थियो ।

महिला कैदीहरू अत्यधिक कडा चिलाउने समस्याबाट पीडित थिए र चिलाइ तथा पीडाका कारण सुत्नसमेत सक्दैनथे । कतिपय केटीहरूले जोडले कन्याउँदा उनीहरूको शरीरबाट रगत आउँथ्यो । केही महिला कैदीहरूको शरीरमा चिलाउने समस्या मात्र होइन, फोका र घाउहरू पनि देखिएका थिए ।

हामीले निरन्तर मलम वा उपचारको माग गऱ्यौँ । महिला कैदीहरू आफ्ना वकिलहरूलाई भेट्न बाहिर निस्कँदा उनीहरू वकिलहरूसँग आफ्नो उपचारको व्यवस्था मिलाइदिन आग्रह गर्थे । यदि कुनै वकिलले कैदीलाई अदालतको क्लिनिकमा लैजान अनुरोध गरेमा, उनलाई त्यहाँ लगिन्थ्यो ।

क्लिनिकमा उनीहरू महिला कैदीहरूलाई भन्ने गर्थे कि यी सबैको कारण मौसम तथा सरसफाइको कमी हो र यो नुहाउने नगरेका कारणले भएको हो । हामी उनीहरूलाई भन्थ्यौँ कि हामीमाथि थोपरिएका अवस्थाका कारण नै हामी राम्ररी नुहाउन असमर्थ थियौँ । तैपनि, उनीहरूले उक्त अवस्थाको कारण अपर्याप्त रूपमा नुहाउनु नै मानिरहे । मलाई मुक्त नगरिएसम्म उनीहरूले कुनै उपचार गरेनन् ।



प्यालेस्टिनको उत्तरी गाजापट्टीस्थित जवालिया शरणार्थी क्याम्पमा विस्थापित प्यालेस्टिनी किशोरहरू फुटबल खेलेर मनोरञ्जन गर्दै अक्टोबर १४, २०२६ को दिन । गाजापट्टीमा अनेक समस्यासँग जुध्दै प्यालेस्टिनीहरू जनजीवन सामान्य बनाउने कोसिस गरिरहेका छन् ।

*तस्बिर : रिजेक अब्देलजवाद/सिन्ह्वा*

# होर्मुज जलडमरूमा मालवाहक जहाज डुब्यो घटनाबारे अनुसन्धान जारी

तेहरान, २९ असोज (एपी) । इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) को नौसेनाले होर्मुज जलडमरूमा समुद्री बारुदी सुरुङ विस्फोटकमा ठोक्किएपछि एउटा मालवाहक जहाज डुबेको जनाएको छ । जारी युद्धका क्रममा समुद्री सुरुङमा ठोक्किएर जहाज डुबेको घटना पहिलोपटक सार्वजनिक भएको इरानी पक्षको भनाइ छ । यसैबिच, समुद्री यातायातसम्बन्धी अधिकारीहरूले सिङ्गापुरमा दर्ता भएका दुई मालवाहक जहाज मङ्गलबार र बुधबार जलडमरू पार गर्ने क्रममा अज्ञात वस्तुबाट प्रहारमा परेको जानकारी दिएका छन् । तीमध्ये एउटा जहाज डुबेको छ भने अर्को सुरक्षित स्थानमा पुग्न सफल भएको छ ।

सिंगापुरको सामुद्रिक तथा बन्दरगाह प्राधिकरणका अनुसार डुबेको जहाजमा रहेका सबै चालक दलका सदस्यलाई सुरक्षित रूपमा बाहिर निकालिएको थियो । दुवै घटनामा कुनै मानवीय क्षति भएको विवरण प्राप्त नभएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले यस्ता आक्रमणलाई उक्साहटरहित, औचित्यहीन तथा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घनका रूपमा व्याख्या गरेको छ ।

यद्यपि, सिंगापुरमा दर्ता भएको डुबेको जहाज र इरानले समुद्री सुरुङमा ठोक्किएको बताएको जहाज एउटै हुन् वा होइनन् भन्ने विषयमा स्पष्ट जानकारी प्राप्त भएको छैन । इरानी अधिकारीहरूले घटनाबारे विस्तृत विवरण सार्वजनिक गरेका छैनन् । इरानको सरकारी टेलिभिजनले प्रसारण गरेको रिभोलुसनरी गार्डको वक्तव्यअनुसार जहाज बुधबार बिहान इरानले अवैध तथा जोखिमपूर्ण मार्ग भनेको बाटो हुँदै यात्रा गरिरहेको समयमा समुद्री सुरुङमा ठोक्किएको थियो ।

प्रसारण गरिएका दृश्यमा जहाज पानीमा एकातिर ढल्किएको र त्यसबाट बाक्लो धुवाँ निस्किरहेको देखाइएको थियो । उक्त जहाजमा दुई हजार ५०० वटा कन्टेनर रहेको पनि सरकारी टेलिभिजनले जनाएको छ । यद्यपि, समाचार संस्था एसोसिएटेड प्रेसले ती दृश्यहरूको स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन ।

इरानले आफ्नो अनुमति बिना होर्मुज जलडमरू पार गर्ने प्रयास नगर्न जहाजहरूलाई पटक-पटक चेतावनी दिँदै आएको छ । अर्कोतर्फ, अमेरिकी सेनाले जहाजहरूलाई ओमानको तट नजिकको मार्ग हुँदै जलडमरू पार गर्न सहयोग गरिरहेको छ ।

**साउदी अरबको अरामको मुख्यालयमा हुथी विद्रोहीको आक्रमण**

यसैबिच, साउदी अरबको सरकारी स्वामित्वमा रहेको तेल कम्पनी अरामको मुख्यालयमा हुथी विद्रोहीले रातिको समयमा गरेको आक्रमणबाट क्षति पुगेको क्षेत्रीय अधिकारीहरूले बताएका छन् ।

अधिकारीहरूका अनुसार आक्रमणबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा अन्य वरिष्ठ अधिकारीहरूले प्रयोग गर्ने कार्यालयहरूमा क्षति पुगेको छ । उक्त भवनको माथिल्लो तीन तलालाई लक्षित गरिएको बताइएको छ । घटनामा कुनै मानवीय क्षति नभएको उनीहरूले जानकारी दिएका छन् ।

मिडियासँग आधिकारिक रूपमा कुरा गर्ने अनुमति नभएकाले ती अधिकारीहरूले आफ्नो नाम सार्वजनिक नगर्ने सर्तमा जानकारी दिएका हुन् ।

यसअघि बुधबार साउदी अरबको राजधानी रियादमा पनि विस्फोटका आवाज सुनिएको स्थानीय बासिन्दाहरूले बताएका थिए । घटनापछि छिमेकी यमनमा सक्रिय हुथी विद्रोहीमाथि आरोप लगाइएको थियो ।

पछिल्ला घटनाक्रमले मध्यपूर्वमा जारी द्वन्द्वका कारण समुद्री व्यापार, ऊर्जा पूर्वाधार र क्षेत्रीय सुरक्षामा थप चुनौती उत्पन्न भइरहेको देखाएका छन् ।

# मध्यपूर्वको आर्थिक वृद्धिमा गिरावट आउने आईएमएफको प्रक्षेपण

बैंकक, २९ असोज (एएफपी) । मध्यपूर्वमा जारी युद्धका कारण खाडी मुलुकहरूको अर्थतन्त्रमा नकारात्मक असर पर्ने भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले ऊर्जा सम्पन्न मध्यपूर्वी देशहरूको अर्थतन्त्रमा सुधार आउन समय लाग्ने जनाएको छ । युद्धले विभिन्न क्षेत्रमा दीर्घकालीन असर पार्ने भएकाले अर्थतन्त्र तत्काल युद्धअघिको अवस्थामा फर्कन नसक्ने आईएमएफका क्षेत्रीय निर्देशक जिहाद अजोरले बिहीबार बताउनुभएको छ । इरानबाट सुरु भएको युद्ध साउदी अरब र यमनसम्म फैलिँदा क्षेत्रीय सुरक्षा र आर्थिक गतिविधिमा असर परेको छ । विशेषगरी समुद्री मार्गबाट हुने ऊर्जा ढुवानी प्रभावित हुँदा विश्वव्यापी ऊर्जा आपूर्तिमा समेत चिन्ता बढेको छ ।

अजोरका अनुसार युद्धका कारण विभिन्न आर्थिक क्षेत्रमा दीर्घकालीन क्षति पुग्ने, पूर्वाधार प्रभावित हुने र भविष्यमा यस्ता सङ्कट सामना गर्न थप खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको छ । त्यसैले मध्यकालमा मध्यपूर्वका अर्थतन्त्र युद्धअघिको अवस्थामा फर्कने सम्भावना कम रहेको उहाँले बताउनुभएको छ । “हामी मध्यकालमा युद्धअघिको आर्थिक अवस्थामा फर्कने छैनौँ । यो सङ्कटले विभिन्न क्षेत्रमा दीर्घकालीन असर पार्नेछ, पूर्वाधारमा अवरोध सिर्जना गर्नेछ र भविष्यमा थप जोखिम सामना गर्न खर्च बढाउनुपर्नेछ,” अजोरले पत्रकारहरूसँग भन्नुभयो ।

आईएमएफले मङ्गलबार सार्वजनिक गरेको प्रक्षेपणअनुसार सन् २०२६ मा मध्यपूर्व र मध्य एसियाको अर्थतन्त्र ०.३ प्रतिशतले खुम्चिने अनुमान गरिएको छ । इरान युद्धको प्रत्यक्ष असर परेका यी क्षेत्रमा आर्थिक गतिविधि कमजोर हुने देखिएको छ । साउदी अरबको अर्थतन्त्रमा पनि ठूलो असर पर्ने अनुमान गरिएको छ । आईएमएफका अनुसार सन् २०२६ मा साउदी अरबको अर्थतन्त्र ३.३ प्रतिशतले खुम्चिन सक्छ । ऊर्जा निर्यातबाट बलियो आम्दानी गर्दै आएको साउदी अरबमा आर्थिक सङ्कुचनको यस्तो अनुमानलाई दुर्लभ आर्थिक मन्दीको सङ्केतका रूपमा हेरिएको छ ।

यसैबिच, आईएमएफकी प्रमुख क्रिस्टालिना जर्जिएभाले बुधबार साउदी अरबलाई लक्षित गरी भइरहेका आक्रमणले विश्वभरका मानिसलाई असर पार्न सक्ने चेतावनी दिनुभएको थियो । ऊर्जा आपूर्ति र मूल्यमा पर्ने प्रभावका कारण मध्यपूर्वको द्वन्द्व क्षेत्रीय सीमाभन्दा बाहिर पनि फैलिन सक्ने चिन्ता बढेको छ ।

पछिल्ला दिनमा साउदी नेतृत्वको गठबन्धन र यमनका हुथी विद्रोहीबिचको लडाइँ थप चर्किएको छ । क्षेप्यास्त्र आक्रमणमा विमानस्थल र ऊर्जा पूर्वाधारका साथै साउदी अरबको सरकारी तेल कम्पनी अरामकोको मुख्यालयसमेत प्रभावित भएको जनाइएको छ । आक्रमणमा मानवीय क्षति भएको छ । युद्धको आर्थिक प्रभाव, बढ्दो ऊर्जा लागत र विश्व अर्थतन्त्रका चुनौतीबारे छलफल गर्न यसै साता बैंककमा अधिकारी तथा विज्ञहरू भेला भएका छन् । छलफलमा कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा भइरहेको तीव्र लगानीको दिगोपनाबारे पनि चासो व्यक्त गरिएको छ ।

विश्लेषकहरूका लागि अहिले मुख्य चुनौती युद्धको अवधि र त्यसले ऊर्जा आपूर्ति, पूर्वाधार तथा क्षेत्रीय आर्थिक वृद्धिमा पार्ने प्रभाव आकलन गर्नु रहेको छ । युद्ध लम्बिँदै गएमा मध्यपूर्वका अर्थतन्त्रमा परेको दबाब अझ बढ्न सक्ने देखिएको छ ।

## विश्व सङ्क्षेप

### गाजामा जारी इजरायली आक्रमणप्रति राष्ट्रसङ्घको चिन्ता

संयुक्त राष्ट्रसङ्घ, २९ असोज (सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा नागरिकमाथि इजरायली आक्रमण जारी रहेकामा गहिरो चिन्ता व्यक्त गर्दै नागरिक र पूर्वाधारको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय ( ओसीएचए) का अनुसार, मङ्गलबार र बुधबार गाजाका सबै प्रान्तमा, विशेषगरी इजरायली सेनाको नियन्त्रण क्षेत्र छुट्याउन निर्धारण गरिएको सीमारेखाको पश्चिमतर्फ, हवाई आक्रमण, गोलाबारी, विस्फोट तथा गोलीबारीका घटना भएका छन् ।

चिसो र वर्षायाम नजिकिँदै गर्दा राष्ट्रसङ्घ र साझेदार संस्थाहरूले गाजामा इन्धन, त्रिपाल, जाडोका कपडा, औषधि तथा स्वास्थ्य सामग्री पुऱ्याइरहेका छन् । तर, सीमित आपूर्ति, आर्थिक स्रोतको अभाव र इजरायली प्रतिबन्धका कारण जनताको आवश्यकता पूरा गर्न तथा राहत वितरण गर्न कठिनाइ भइरहेको ओसिएचएले जनाएको छ ।

यसैबिच, कब्जा गरिएको वेस्ट ब्याङ्कको रमल्लाहमा इजरायली सेनाले मङ्गलबार प्यालेस्टिनी नागरिक समाजका संस्थाका कार्यालय र चिकित्सा परिसरमा छापा मारेर कागजात तथा उपकरण जफत गर्नुका साथै केही व्यक्तिलाई हिरासतमा लिएको संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालय (ओसीएचआर) ले जनाएको छ ।

कार्यालयले सामाजिक सञ्जाल एक्समार्फत प्यालेस्टिनी नागरिक क्षेत्रमाथिको दमन तत्काल रोक्न इजरायली अधिकारीहरूलाई आग्रह गरेको छ । यस्ता छापा र मानव अधिकार रक्षकहरूको हिरासतले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा मानव अधिकारसम्बन्धी काममा नकारात्मक प्रभाव पारिरहेको कार्यालयले जनाएको छ ।

### ईयूको बजेटमा सदस्य राष्ट्रबिच मतभेद

ब्रसेल्स, २९ असोज (एएफपी) । युरोपेली सङ्घ (इयु) को सन् २०२८ देखि २०३४ सम्मको करिब दुई खर्ब युरोको बजेटमा सदस्य राष्ट्रबिच मतभेद चुलिएको छ । आगामी वर्ष फ्रान्ससहित विभिन्न देशमा निर्वाचन हुन लागेकाले राजनीतिक परिवर्तनबाट वार्ता प्रभावित हुन सक्ने चिन्ताबिच नेताहरूले डिसेम्बरभित्र सहमति जुटाउने प्रयास गरिरहेका छन् ।

फ्रान्सको राष्ट्रपति निर्वाचनमा अग्रस्थानमा रहेकी अतिदक्षिणपन्थी नेतृ मरिन ले पेनले इयुको बजेटमा फ्रान्सको योगदान घटाउनुपर्ने बताउनुभएको छ । उहाँले निर्वाचनअघि बजेट पारित गर्नु लोकतान्त्रिक दृष्टिले गलत हुने टिप्पणी गर्नुभयो ।

बजेटमा कृषि, रक्षा, आर्थिक प्रतिस्पर्धा र आप्रवासनसम्बन्धी खर्च समेटिनेछ । आयरल्यान्डले प्रस्तुत गरेको पछिल्लो प्रस्तावमा बजेटबाट करिब एक खर्ब ४० अर्ब युरो कटौती गर्ने सुझाव दिइए पनि सदस्य राष्ट्रबिच सहमति जुट्न सकेको छैन ।

जर्मनीको नेतृत्वमा रहेका नेदरल्यान्ड्स र स्विडेनलगायतका देशले ठूलो बजेट कटौतीको माग गरेका छन् । फ्रान्सले भने बढ्दो चुनौती सामना गर्न पर्याप्त बजेट आवश्यक रहेको भन्दै कटौतीको विरोध गरेको छ । कृषि तथा क्षेत्रीय विकासमा थप रकम चाहने राष्ट्रहरूको अर्को समूह पनि छ ।

फ्रान्सले डिजिटल सेवा, क्रिप्टो सम्पत्ति, अनलाइन जुवा तथा ठूला कम्पनीमा कर लगाएर इयुको आम्दानी बढाउनुपर्ने प्रस्ताव गरेको छ । आगामी निर्वाचनबाट इयुप्रति असन्तुष्ट दल सत्तामा आएमा बजेटसम्बन्धी सहमति झन् कठिन हुन सक्ने कूटनीतिज्ञहबरूले बताएका छन् । इयुको बजेट वार्तालाई अघि बढाउन युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले नेतृत्व गर्नुहुनेछ । सहमति जुटाउने प्रयासमा नोभेम्बरको अन्त्यमा विशेष बैठक आयोजना गर्ने तयारी गरिएको छ ।

### अस्ट्रेलियाको बेरोजगारी दरमा वृद्धि, ४.७ प्रतिशत पुग्यो

क्यानबेरा, २९ असोज (सिन्ह्वा) । अस्ट्रेलियामा सेप्टेम्बर महिनामा बेरोजगारी दर बढेर ४.७ प्रतिशत पुगेको छ ।

एबीएसका श्रम तथ्याङ्क प्रमुख सन क्रिकका अनुसार सेप्टेम्बरमा रोजगारीमा रहेका व्यक्तिको सङ्ख्या ३९ हजारले घटेको छ भने बेरोजगार व्यक्तिको सङ्ख्या नौ हजारले बढेको छ । यसैगरी, कुल जनसङ्ख्यामा रोजगारीमा रहेका व्यक्तिको अनुपात ०.३ प्रतिशत बिन्दुले घटेर ६३.६ प्रतिशतमा झरेको छ । श्रमशक्तिमा सहभागिता दर पनि ०.२ प्रतिशत बिन्दुले घटेर ६६.८ प्रतिशत कायम भएको क्रिकले बताएका छन् । थप काम गर्न चाहने र त्यसका लागि उपलब्ध भए पनि पर्याप्त कामको समय नपाएका व्यक्तिको अवस्थालाई मापन गर्ने अल्परोजगारी दर ०.१ प्रतिशत विन्दुले बढेर ६.३ प्रतिशत पुगेको छ ।

सेप्टेम्बरमा आंशिक समय काम गर्नेहरूको कुल कार्यघण्टा १.५ प्रतिशतले घटेको छ भने पूर्णकालीन काम गर्नेहरूको कार्यघण्टा ०.४ प्रतिशतले बढेको क्रिकले जानकारी दिएका छन् । यद्यपि, अस्ट्रेलियाली तथ्याङ्क ब्युरोले श्रम बजारको वास्तविक प्रवृत्ति आकलन गर्न सिफारिस गर्ने प्रवृत्तिगत (ट्रेन्ड) आधारमा भने बेरोजगारी दर ४.६ प्रतिशतमा स्थिर रहेको छ । उक्त अवधिमा प्रवृत्तिगत रोजगारी ०.१ प्रतिशतले बढेको छ भने कुल कार्यघण्टा स्थिर रहेको तथ्याङ्कमा उल्लेख छ ।

एबीएसका अनुसार वार्षिक आधारमा रोजगारी र कुल कार्यघण्टामा क्रमशः १.२ प्रतिशत र १.३ प्रतिशतले वृद्धि भएको छ ।

# सहकारी नियम, मापदण्ड र निर्देशन संशोधनका लागि सहकारी अभियानका तीन शीर्ष निकायलाई भक्तपुर बचत सङ्घको १२ बुँदे अनुरोध पत्र



काठमाडौँ, २९ असोज। राष्ट्रिय सहकारी नियमन प्राधिकरण, साबिक सहकारी विभाग तथा सम्बन्धित निकायहरूबाट हालै जारी गरिएका नीति, नियम, मापदण्ड र विरोधाभासपूर्ण निर्देशनहरूका कारण प्रारम्भिक सहकारी र जिल्ला सङ्घहरूको सञ्चालन नै ठप्प हुने अवस्था आएको भन्दै भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडले अभियानका तीन शीर्ष अभिभावकीय निकायहरूलाई १२ बुँदे औपचारिक अनुरोध पत्र बुझाएको छ।

भक्तपुर जिल्ला बचत सङ्घका नेतृत्व टोलीले बुधबार राष्ट्रिय सहकारी महासङ्घका का.वा.अध्यक्ष रमेश पोखरेल, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि.का अध्यक्ष चन्द्रप्रसाद ढकाल र वाग्मती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ लि. का अध्यक्ष उद्धवप्रसाद सापकोटालाई सम्बन्धित कार्यालयमा अनुरोध पत्र पेस गरेको हो। सम्बन्धित सङ्घहरूका प्रमुख कार्यकारी अधिकृतहरूको उपस्थितिमा सम्पन्न उक्त भेटघाटमा भक्तपुर बचत सङ्घका अध्यक्ष हरिकृष्ण बल्ल, उपाध्यक्ष जगनाथ प्रजापति, कोषाध्यक्ष कृष्णश्वरी मचामसी, सञ्चालक राजकुमार लघु तथा प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजु सम्मिलित टोलीले विद्यमान नीतिगत जटिलता र धरातलीय समस्याबारे शीर्ष नेतृत्वसँग गम्भीर छलफल गर्दै आवश्यकीय कदम चाल्न आग्रह गरेको छ।

**अभिभावकीय निकायसमक्ष प्रस्तुत गरिएका १२ बुँदे प्रस्तावहरू**

**१. स्थानीय तह र प्रदेशबाट विनियम संशोधन निरन्तर हुनुपर्ने :**

सहकारी नियमावली २०८३ को नियम ७३का ९ड० ले विनियम संशोधन, एकीकरण तथा कार्यक्षेत्र विस्तारको अधिकार प्राधिकरणमा केन्द्रित गर्दा स्थानीय तह र प्रदेशबाट प्रारम्भिक संस्थाको विनियम संशोधन प्रक्रिया पूर्ण रूपमा रोकिएको छ। प्राधिकरणको आवश्यक संयन्त्र नै नबनेको अवस्थामा स्थानीय तह र प्रदेशको क्षेत्राधिकारमा हस्तक्षेप भई काम ठप्प भएकाले साबिकबमोजिम स्थानीय तह र प्रदेशबाटै स्वीकृत हुने गरी बाधा अड्काउ फुकाउ परिपत्र जारी गर्न माग गरिएको छ।

**२. फिट एन्ड प्रोपर टेस्टमा पर्याप्त समय दिनुपर्ने :**

सञ्चालक तथा व्यवस्थापकको फिट एन्ड प्रोपर टेस्ट, प्रहरी प्रतिवेदन, कर्जा सूचना केन्द्रको विवरण आदि सङ्कलन गरी अपलोड गर्न दिइएको छोटो समयसीमा (असोज मसान्त) अव्यावहारिक रहेकोले अधिकांश संस्था नवीकरण नहुने जोखिम बढेको भन्दै कम्तीमा १ देखि २ वर्षको सङ्क्रमणकालीन अवधि (Grace Period) तोकिनुपर्ने।

**३. कार्यानुभवमा उपसमितिको अवधिलाई मान्यता दिनुपर्ने :**

सञ्चालकको कार्यानुभव गणना गर्दा लेखा सुपरिवेक्षण समिति, ऋण, शिक्षालगायतका आधिकारिक उपसमितिहरूमा काम गरेको अवधिलाई पनि पूर्ण मान्यता दिनुपर्ने अन्यथा अनुभवी र नयाँ नेतृत्व आउन वञ्चित हुने।

**४. सङ्घहरूको बचत-ऋण कारोबार रोक्दाले सिर्जित जोखिम अन्त्य हुनुपर्ने :**

सहकारी ऐनले बचत तथा ऋणको मुख्य कारोबार अलग वा व्यवस्थापन गर्न ३ वर्षको कानुनी समयसीमा दिएकोमा साबिक सहकारी विभागले नयाँ बचत-ऋणमा रोक लगाउँदा जिल्ला सङ्घको तरलता, बचत परिचालन र लगानी असुलीमा गम्भीर वित्तीय जोखिम (Financial Risk) निम्तिएकोले ऐन प्रदत्त ३ वर्षको अवधिलाई सहज बनाउनुपर्ने।

**५. अव्यावहारिक वार्षिक नवीकरण खारेज हुनुपर्ने :**

सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला र स्वशासित संस्था भएकोले निजी फर्मजस्तो वार्षिक नवीकरण गर्ने व्यवस्था खारेज गरी साबिकबमोजिम साधारणसभाको निर्णय, लेखापरीक्षण प्रतिवेदन र वार्षिक विवरण पेस गर्ने कानुनी व्यवस्था नै कायम गरिनुपर्ने।

**६. कर्जा सूचना केन्द्रको शुल्क खारेज वा सहकारी कर्जा सूचना केन्द्र स्थापना :**

पब्लिक कम्पनीलाई प्रतिसञ्चालक रु. ३३९ बुझाउनुपर्ने व्यवस्थाले देशभरका करिब १ लाख ८० हजार सञ्चालकबाट झण्डै ६ करोड १० लाख रुपैयाँ निजी कम्पनीमा जाने भएकाले यो दस्तुर खारेज हुनुपर्ने वा सहकारी ऐनबमोजिमको छुट्टै सहकारी कर्जा सूचना केन्द्र तत्काल स्थापना हुनुपर्ने।

**७. ऋण लगानीमा सेवा शुल्क लिन पाउनुपर्ने :**

असल कर्जामा समेत १ प्रतिशत जोखिम व्यवस्थापन (Loan Loss Provision) गर्नुपर्ने तर सेवा शुल्क लिन नपाउने व्यवस्थाले कर्जा विश्लेषण, धितो मूल्याङ्कन र अनुगमन खर्च धान्न नसकिने भएकोले अधिकतम १ प्रतिशतसम्म प्रशासनिक सेवा शुल्क लिन पाउने व्यवस्था हुनुपर्ने।

**८. नियमन र निर्देशनमा एकद्वार प्रणाली लागू हुनुपर्ने :**

स्थानीय तह, प्रदेश, रजिस्ट्रार कार्यालय, नेपाल राष्ट्र बैङ्क र प्राधिकरणबाट बाझिने र विरोधाभासपूर्ण निर्देशनहरू जारी भई अन्योल बढेकाले एकद्वार प्रणाली (Ingle Window Directives) मार्फत मात्र निर्देशन प्रवाह हुने संयन्त्र निर्माण गरिनुपर्ने।

**९. सहकारी वर्गीकरणमा एकरूपता हुनुपर्ने :**

एउटै निकायबाट कतै २५ करोडभन्दा माथिलाई ठूलो संस्था भन्ने र कतै ५ करोडका आधारमा फरक शैक्षिक योग्यता र अनुभव तोक्नेजस्ता विरोधाभासपूर्ण र अवैज्ञानिक वर्गीकरण हटाएर एकरूपता कायम गरिनुपर्ने।

**१०. सञ्चालकको योग्यतामा अनुभव र आचरणलाई प्राथमिकता दिनुपर्ने :**

समुदायका व्यक्तिहरूबाट सञ्चालित हुने सहकारीमा शैक्षिक प्रमाणपत्रभन्दा कार्यअनुभव, योगदान र नैतिक आचरणलाई मुख्य आधार मानिनुपर्ने र शैक्षिक प्रमाणपत्रकै नाममा अनुभवी सामाजिक नेतृत्वलाई सञ्चालक तथा पेसाबाट वञ्चित गर्न नहुने।

**११. सहकारी कोषबाट तलब भत्ता लिएका व्यक्ति सञ्चालक बन्न नपाउने व्यवस्थाबारे स्पष्ट व्याख्या गर्नुपर्ने :**

सरकारी कोषबाट तलब भत्ता लिएको व्यक्ति सञ्चालक बन्न नपाउने व्यवस्था बहालवाला निजामती कर्मचारीका लागि उपयुक्त भए पनि पेन्सन वा सामाजिक सुरक्षा भत्ता लिएकै आधारमा सञ्चालक वा लेखा समितिमा बस्न बञ्चित गर्नु अन्यायपूर्ण भएकाले यो प्रावधान परिमार्जन गरिनुपर्ने।

**१२. बैङ्क गठन वा एकीकरण (Merger) को कार्यविधि र म्याद थप :**

नयाँ सहकारी बैङ्क गठन गर्ने वा राष्ट्रिय सहकारी बैङ्कमा गाभिने विषयमा कुनै स्पष्ट कार्यविधि र मूल्याङ्कन मापदण्ड नै नबनाई आगामी पुस मसान्तभित्र निर्णय गर्नुपर्ने बाध्यात्मक समयसीमा अव्यावहारिक रहेकोले विस्तृत कार्यविधि जारी गरी साधारण सभाबाट निर्णय गराउन पर्याप्त म्याद थप गरिनुपर्ने।

**शीर्ष नेतृत्वको प्रतिबद्धता**

अनुरोध पत्र बुझ्दै राष्ट्रिय सहकारी महासङ्घका अध्यक्ष रमेश पोखरेल, नेफ्स्कूनका अध्यक्ष चन्द्रप्रसाद ढकाल र वाग्मती प्रोस्कूनका अध्यक्ष उद्धवप्रसाद सापकोटाले भक्तपुर बचत सङ्घले उठाएका १२ वटै बुँदाहरू अत्यन्त व्यावहारिक, वस्तुपरक र अभियानको अस्तित्वसँग जोडिएको विषय भएको बताउनुभएको छ। उहाँहरूले प्रारम्भिक संस्था र जिल्ला सङ्घहरूको नियमित कार्यसञ्चालनमा देखिएका यी गाँठो फुकाउन तत्काल मन्त्रालय, सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरणसँग उच्चस्तरीय वार्ता तथा लबिङ गरी निकास निकाल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

# दसैँमा भक्तपुर स्काउटको सक्रियता र सेवा सराहनीय

✍ निश्चल श्रेष्ठ, भक्तपुर (स्काउटका शुभचिन्तक)

स्काउट युवाहरूमा अनुशासन, सेवाभाव, नेतृत्व क्षमता, आत्मनिर्भरता र सामाजिक उत्तरदायित्वको भावना विकास गर्ने स्वयम्सेवी संस्था हो। विपद् व्यवस्थापन, सामाजिक सेवा, जनचेतना अभिवृद्धि तथा विभिन्न सार्वजनिक गतिविधिमा स्काउटले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

भक्तपुरमा स्काउटको क्रियाशीलता हिजो पनि थियो, आज पनि उत्तिकै छ र भोलि पनि निरन्तर रहनेछ। नेपाल स्काउट, वाग्मती प्रदेश स्काउट तथा स्थानीय स्काउट कार्यालय, भक्तपुर नगरपालिकाको सक्रियताले नगरपालिकाभित्र स्काउट अभियानलाई थप सशक्त र प्रभावकारी बनाउन महत्त्वपूर्ण टेवा पुऱ्याएको छ।

भक्तपुरमा वर्षभरि आयोजना हुने विभिन्न जात्रा, पर्व, मेला तथा धार्मिक गतिविधिमा भक्तपुर स्काउटले देखाउँदै आएको सक्रियता निकै सराहनीय छ। यसैको पछिल्लो उदाहरणका रूपमा नेपालीहरूको महान् चाड बडा दसैँको अवसरमा स्काउटले निर्वाह गरिरहेको सेवामूलक भूमिकालाई लिन सकिन्छ।

असोज २५ गते घटस्थापनादेखि सुरु भएको यस वर्षको दसैँको पहिलो दिनदेखि नै भक्तपुर स्काउट सेवामा सक्रिय देखिएको छ। घटस्थापनाका दिन ब्रह्मायणी मन्दिरमा स्काउटका स्वयम्सेवकहरूले दर्शनार्थीहरूलाई सहयोग गर्नुका साथै जमरा राख्न आवश्यक माटो वितरण गर्ने महत्त्वपूर्ण कार्य गरेका छन्।

दसैँको नवरात अवधिभर ब्रह्मायणीसहित विभिन्न शक्तिपीठहरूमा आउने भक्तजनको भिड व्यवस्थापन गर्ने, वृद्धवृद्धालाई सहयोग गर्ने, मन्दिरमा सहज रूपमा दर्शन गर्ने वातावरण बनाउने तथा आवश्यक परेको अवस्थामा सहयोग उपलब्ध गराउने कार्यमा स्काउटहरू परिचालित छन्। भक्तपुर नगरपालिकाभित्रका विद्यालयमा रहेका स्काउट समूहहरूलाई समेत आ-आफ्नो क्षेत्र तथा नजिकका शक्तिपीठहरूमा सेवा प्रदान गर्न जिम्मेवारी बाँडफाँट गरी परिचालन गरिएको छ।

घटस्थापनादेखि विजया दशमीसम्म स्काउटको सेवा निरन्तर सञ्चालन होस् भन्ने उद्देश्यले कार्यतालिका नै बनाएर जिम्मेवारी निर्वाह गरिनु प्रशंसनीय पक्ष हो। त्यसैगरी, विजया दशमीका दिन ब्रह्मायणी मन्दिरमा सेवा क्याम्प सञ्चालन गरी मन्दिरमा आउने भक्तजनलाई आवश्यक सहयोग पुऱ्याउने तयारीले स्काउटको सेवाभावलाई थप उजागर गरेको छ।

भक्तपुर स्काउटले दसैँमा देखाएको यो सक्रियता नयाँ अभ्यास मात्र नभई विगतका वर्षहरूदेखि निरन्तरता दिँदै आएको हो। धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै जात्रा, पर्व र मेलालाई व्यवस्थित, सुरक्षित र सहज बनाउन स्काउटले पुऱ्याउँदै आएको योगदानले समाजमा स्वयंसेवाको महत्त्वसमेत स्थापित गरेको छ।

नेपाल स्काउट, वाग्मती प्रदेश स्काउट तथा स्थानीय स्काउट कार्यालय, भक्तपुर नगरपालिकाले गर्दै आएका यस्ता कार्यहरू प्रशंसनीय छन्। यस प्रकारका सेवामूलक गतिविधिलाई निरन्तरता दिँदै विद्यालयस्तरदेखि नै स्काउट अभियानलाई अझ व्यापक र प्रभावकारी बनाउन सके अनुशासित, सेवाभावी र जिम्मेवार नागरिक निर्माणमा महत्त्वपूर्ण योगदान पुग्नेछ।

सेवा, अनुशासन र समर्पणलाई मूल मन्त्र बनाउँदै भक्तपुर स्काउटले देखाएको सक्रियता वास्तवमै सराहनीय छ। भक्तपुरको मौलिक संस्कृति, परम्परा र सामाजिक सेवामा स्काउटको यो योगदान आगामी दिनमा पनि निरन्तर रहिरहोस्! विजया दशमीको शुभकामना

# बलाँक्व टोलमा सरसफाइ

भक्तपुर, २९ असोज। सूर्यविनायक बलाँक्व टोल सुधार संस्थाको आयोजना र नेप्सेम्याक भक्तपुरको सहयोगमा विजया दशमीको उपलक्ष्यमा बलाँक्व टोलमा सरसफाइ कार्यक्रममा सूर्यविनायक चोकदेखि गणेश मन्दिर जाने तँकोपली उकालोसम्म सरसफाइ कार्यक्रम बिहीबार सम्पन्न भयो।

कार्यक्रममा संस्थाका अध्यक्ष लक्ष्मीसुन्दर शिल्पकारले टोलवासीहरूलाई शुभकामना दिँदै टोलको वातावरण स्वच्छ राख्नु हामी सबैको कर्तव्य भएकोले सबै मिलेर सरसफाइ कार्यक्रम गरेको बताउँदै सफाइ कार्यक्रम समापन गर्नुभयो।


## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा ईतापाके जग्गा एकीकरण आयोजनाको

# सूचना

प्रकाशित मिति : २०८३/०६/३० गते

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाभित्रका उपभोक्ताहरूको गुनासो र जायज मागहरू सम्बोधन गर्ने सम्बन्धमा आयोजनाको व्यवस्थापन उपसमितिको निर्णयानुसार हालसम्म ज.ध. प्रमाणपत्र पुर्जा फिर्ता लिन बाँकी कित्ताहरूको हकमा देहायबमोजिम सुधार गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१) यस आयोजना क्षेत्रभित्र पर्ने नगरकोट सडकसँग जोडिएका घर/जग्गाा कित्ताको हकमा १८ मिटरभन्दा बढी गहिराइमा जग्गा थप गरिएको र पछाडि सहायक सडक जोडिएमा सोही सहायक सडकको आधारमा थप जगाको मूल्याङ्कन गर्ने, साथै १८ मिटरभन्दा बढी गहिराइमा जग्गा थप गरिएको तर पछाडि सहायक सडक नजोडिएको कित्ताको हकमा ७ मिटरको सडकको आधारमा थप जग्गाको मूल्याङ्कन गर्ने।

२) नगरकोट सडकसँग जोडिएका घर/जग्गाको कित्तामा जग्गा थप गरिएको र उक्त कित्तासँग दायाँ वा बायाँ सडक जोडिएको हकमा दायाँ वा बायाँको सडकलाई पनि सहायक सडक मानी सोहीबमोजिम थप जग्गाको मूल्याङ्कन गर्ने।

३) आयोजना क्षेत्रभित्र आयोजना सुरू हुनुपूर्व घर निर्माण गरी स्वीकृत नापी नक्सामा घर जनिएका कित्ताहरूको हकमा थप जग्गाबापत आयोजनाले यसअघि सुविधास्वरूप २० प्रतिशत छुट दिँदै आएकोमा घरधनीहरूले थप केही प्रतिशत माग गरेको हुँदा, थप १० प्रतिशतसमेत गरी आयोजनाले तोकेको मूल्यमा जम्मा ३० प्रतिशत छुट सुविधा प्रदान गर्ने।

आयोजना क्षेत्रभित्रका थप १० प्रतिशत छुट सुविधा प्राप्त गर्ने घरधनीहरूलाई यही २०८३ माघ मसान्तभित्र आयोजनाको नियमानुसार एकमुष्ट वा तीन किस्तामा भुक्तानी गरेमा यो सुविधा लागू गर्ने। दोहोरो सुविधा हासिल गर्ने घरकित्ताको हकमा फिल्ड निरीक्षण गरी जुन सुविधा बढी हुन्छ, त्यो सुविधा मात्र प्रदान गर्ने।

४) नगरकोट सडकमा जोडिएका घर/जग्गा कित्तामा पूर्वाधारबापत योगदान कटौती नगरिएको तर प्राविधिक कारण कसैको योगदान कटौती भएको देखिएमा सुधार गर्ने।

५) देको मिवा ईतापाके जग्गा एकीकरण आयोजनाको च.नं. ३२८, मिति २०८३/०२/०७ गतेको पत्रानुसार मिति २०८२ असोज ३१ गतेसम्मको समयावधिभित्र दर्ता भएका विविध समस्या तथा गुनासो निवेदनहरूको विभिन्न मितिमा सुनुवाइ भई २०८२/१२/१५ गते भनपा सभा कक्षमा गुनासोकर्ताहरूको बृहत् भेलामा आयोजना पूर्व नगरपालिकाको नियमानुसार नक्सा पास गरी बनाएका घरहरू अनियमित जस्तै देखियो भनी गुनासो आएको र उक्त कित्ताहरूको हकमा घर पुन: निर्माण गर्दा साबिक निर्माण भएको क्षेत्रफलभन्दा कम हुन गएमा र निजले अन्य ठाउँमा थप जग्गा प्रदान नगरेमा साबिककबमोजिम नै घर निर्माण गर्न पाउनुपर्ने उपस्थित अधिकांश उपभोक्ताहरूको सुझाव आएकोले आयोजना पूर्व नगरपालिकाको नियमानुसार नक्सा पास गरी निर्माण भएको घरको क्षेत्रफलभन्दा कम हुन गएमा र निजले अन्य ठाउँमा थप जग्गा प्राप्त नगरेका कित्ताहरूमा साबिकबमोजिम घर निर्माण गर्न सुविधा दिने।

६) यस आयोजनाअन्तर्गतका भित्री सडकहरूमा घर लाइन दिन सकिने कित्ता र क्षेत्रहरूको पहिचान गरी उक्त कित्ता र क्षेत्रहरूमा नयाँ घर निर्माण गर्दा घर लाइनको सुविधाको लागि आयोजनामार्फत नगरपालिकामा अनुरोध गर्ने।

# महाकाली क्षेत्र संरक्षण समिति

महाकाली पीठ-६, भक्तपुर

## हार्दिक धन्यवाद


हरिराम सुवाल
अध्यक्ष


जगनाथ सुजखु
उपाध्यक्ष


गोपाराम थुसा
सचिव


न्हुछेरत्न खाइतु
कोषाध्यक्ष


सत्यनारायण बजिको
सदस्य


पुरुषोत्तम दथेपुथे
सदस्य


कर्ण अवाल
सदस्य


राजेश दिस्टी
सदस्य


गौतम थिके
सदस्य


पुण्यराम सुवाल
सदस्य


सुरेन्द्रप्रसाद दुवाल
सदस्य


मञ्जु कुम्पाख
सदस्य


शर्मिला सुवाल
सदस्य


कान्छी बासुकला
सदस्य


लक्ष्मीमैया दुवाल
सदस्य

यस समितिको साधारणसभा सफल पार्न पाल्नुभएका भनपाका प्रमुख **सुनिल प्रजापति**लगायत सम्पूर्ण अतिथिहरू, साधारणसभामा उपस्थित सम्पूर्ण सदस्य साथीहरू, सहयोग गर्नुहुने साथीहरू तथा वडावासी दाजुभाइ, दिदीबहिनीहरूलाई **हार्दिक धन्यवाद** ज्ञापन गर्दछौं । सर्वसम्मत नयाँ कार्यसमिति निर्वाचित गर्नुभएकोमा पनि सबैलाई धन्यवाद ज्ञापन गर्दछौं । साथै **विजया दशमी, शुभ दीपावली, नेपाल संवत् ११४७** तथा **छठ पर्व**को पावन अवसरमा सम्पूर्ण शुभचिन्तकहरूमा सुख, शान्ति तथा समृद्धिको कामनासहित

**हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।




- विद्युत्/टी.भी./मोबाइल रिचार्ज/इन्टरनेट/टेलिफोनलगायतका महसुलको मोबाइल भुक्तानी सेवा ।
- सदस्यहरूबिच हरेकपटक रु.१,००,०००।-का दरले दैनिक ३ पटकसम्म रकमान्तरको सुविधा ।
- रु.१,०००।- देखिको कारोबारमा **SMS** सुविधा ।
- **E–Sewa** र **Khalti Digital Wallet** बाट सहकारीको खातामा रकम जम्मा गर्न सकिने ।
- घरमै बसी **Fund Transfer** मार्फत आफ्नो परिवारको नियमित/बाल/स्वास्थ्य/समृद्धि बचत खातामा रकम बचत गर्न सकिने ।
- आफ्नो खातामा रहेको रकम मौज्दात र सोको सङ्क्षिप्त विवरण प्राप्त गर्न सकिने ।
- **E-Sewa, Khalti Digital Wallet** तथा **Fone Pay App** को सुविधा ।
- **Finger Print Login** को सुविधा ।
- **Inter Bank Transfer** बाट आफ्नो **ऐच्छिक खाता**मा रहेको रकम बैङ्क खातामा रकमान्तरण गर्न सकिने ।




मुख्य फाइदा

**सजिलै आफ्नो बैङ्क खातामा रहेको रकम सिद्धि गणेश ऐच्छिक खातामा रकमान्तरण गर्नुहोस्**




संस्थाको **Siddhi Ganesh Smart Banking App** मा **Smart QR** सुविधा सञ्चालनमा आएको हुँदा उक्त सेवा प्रयोग गर्न इच्छुक सदस्यहरूले आफ्नो **Smart Banking App** मा KYC Update का साथै आवश्यक प्रक्रिया पूरा गरी **Smart QR** सक्रिय गर्नुहुन सूचित गराइन्छ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

ACCESS BRONZE

भ.न.पा-७,चोर्चा, भक्तपुर, फोनः ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक ६६२१२०५

Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com



## हार्दिक समवेदना


जन्म : १९८८/०६/०४
निधन : २०८३/०६/२६

यस समितिका सल्लाहकार लक्ष्मीप्रसाद कुसीकी ममतामयी माता **जसमाया कुसी**को दुःखद निधन भएको आज पाँचौं दिन (डानुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**ब्रह्मायणी पीठ विकास समिति**
भनपा-९, ब्रह्मायणी



## हार्दिक समवेदना


जन्म : २०२३/०५/०२
निधन : २०८३/०६/१८

यस संस्थाका सदस्यता नं. ७०२ का सदस्य **दयालक्ष्मी प्रजापति**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सहलह बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, गोल्मढी, भक्तपुर



## हार्दिक समवेदना

जन्म
१९८० साउन



स्वर्गारोहण
२०८३/०६/१९

**कृष्णथुकु ग्वाछा**

यस संस्थाका संस्थापक सदस्य एवं प्राविधिक सल्लाहकार दिनेश ग्वाछाकी पूजनीय हजुरआमा तथा सञ्चालक सदस्य सानुमैयाँ कोजूकी सासू हजुरआमा **कृष्णथुकु ग्वाछा**को दुःखद निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**उर्वरभूमि कृषि सहकारी संस्था लि.**
जगाती, भक्तपुर


# १२ वर्षपछि खुल्यो चीन-प्रजग कोरिया जोड्ने पुल

बेइजिङ, २९ असोज (एपी) । चीन र प्रजग कोरियालाई जोड्ने तीन किलोमिटर लामो नयाँ यालु नदी पुल १२ वर्षको ढिलाइपछि बिहीबार सञ्चालनमा आएको छ । यसबाट दुई देशबिच व्यापार, यातायात र आर्थिक सहकार्य विस्तार हुने अपेक्षा गरिएको छ ।

चीनको डान्दोङ सहरलाई प्रजग कोरियाको सिनुइजुसँग जोड्ने चार लेनको पुलको उद्घाटन समारोहमा दुवै देशका प्रधानमन्त्रीले भिडियो सन्देश दिनुभएको थियो । चिनियाँ प्रधानमन्त्री ली छ्याङले पुललाई दुई देशको परम्परागत मित्रताको प्रतीक बताउँदै सीमावर्ती क्षेत्रमा सहकार्य बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

सन् २०१४ मै सञ्चालनमा ल्याउने लक्ष्य राखिएको पुल प्रजग कोरियातर्फको निर्माण अधुरो रहेकाले लामो समय रोकिएको थियो । चीनमाथिको आर्थिक निर्भरता, प्रजग कोरियाको आणविक कार्यक्रमसम्बन्धी प्रतिबन्धमा चीनको भूमिकालगायत विषयले ढिलाइ भएको हुन सक्ने अनुमान गरिएको थियो ।

नयाँ पुलले दुई देशबिचको ७० प्रतिशतभन्दा बढी आधिकारिक व्यापार सम्हाल्दै आएको पुरानो पुलको चाप कम गर्ने अपेक्षा छ । दशकौं पुरानो पुलमा सडक यातायात एकपटकमा एकतर्फ मात्र सञ्चालन गर्न सकिन्छ ।

रुस र प्रजग कोरियाले सडक पुल सञ्चालनमा ल्याएको करिब एक महिनापछि चीनसँगको नयाँ पुल खुलेको हो । चीन लामो समयदेखि प्रजग कोरियाको प्रमुख व्यापारिक साझेदार रहे पनि पछिल्ला वर्षमा नेता किम जोङ उनले रुससँगको सम्बन्ध विस्तार गर्नुभएको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा